का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ माघ २०८२
शुक्रबार
16 January 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक


वर्ष २३, अंक ३३७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



*माघे संक्रान्तिका दिन बिहीबार धादिङमा एक सय हल गोरु जुधाइएको छ। तस्बिर : रासस*

# १९ वर्षपछि सिंहदरबारमै संसद् बैठक

संसद् भवन जेनजी आन्दोलनका क्रममा जलेपछि सिंहदरबारमै सांसदहरूले नीतिगत छलफल गर्नेगरी व्यवस्थापन गरिएको छ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ माघ

झन्डै दुई दशकपछि सिंहदरबारमै संसद्को बैठक बस्ने भएको छ। यसका लागि संघीय संसद् सचिवालयकाले आवश्यक तयारी पूरा गरेको छ। आगामी माघ ४ गतेबाट राष्ट्रिय सभाको अधिवेशन सुरु हुँदै छ। संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरी भन्छन्, 'सिंहदरबारमा रहेको कृषि तथा प्राकृतिक स्रोत समितिको हललाई राष्ट्रिय सभाको बैठक बस्नेगरी तयार गरिएको छ।'

जेनजी आन्दोलनका क्रममा नयाँ बानेश्वरस्थित संसद् भवन जलेपछि वैकल्पिक रूपमा सिंहदरबारमै राष्ट्रिय सभाको बैठक राख्ने हल तयार गरिएको हो। यो सँगै १९ वर्षपछि सिंहदरबारमै संसद् बैठक बस्ने भएको हो।

२०६२/६३ सालको जनआन्दोलनले संसद् पुनर्स्थापना गर्नु अगाडि संसद् बैठक सिंहदरबारकै ग्यालरी बैठकका बस्थ्यो। जनआन्दोलनका क्रममा तत्कालीन सात राजनीतिक दलले सडकमै संसद् बैठक चलाएका थिए। जनआन्दोलनपश्चात् भने नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवनमा संसद् बैठक बस्न थालेको हो। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रकै भवनमा २०६३ सालमा तत्कालीन माओवादी र सरकारबीच विस्तृत शान्तिसम्झौता हस्ताक्षर थियो। त्यसपछि १० वर्षे लामो सशस्त्र द्वन्द्वमा रहेका माओवादी शान्ति प्रक्रियामा आएको हो।

त्यसयता नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रकै भवनमा संसद्को बैठक बस्यो। गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका क्रममा उक्त भवन जल्यो। त्यसपछि सिंहदरबारमै बैठक राख्न लागिएको हो। यो सँगै १९ वर्षपछि संसद् बैठक पुनः सिंहदरबारमै बस्न लागेको हो। संसद्

»» पृष्ठ २ मा



सिंहदरबारमा रहेको कृषि तथा प्राकृतिक स्रोत समितिको हललाई राष्ट्रिय सभाको बैठक बस्नेगरी तयार गरिएको छ।

● **एकराम गिरी**
**प्रवक्ता, संघीय संसद् सचिवालय**

# वैधानिकताको लडाइँमा देउवा–गगन



## दाबी आ–आफ्ना



- *महामन्त्रीलाई विशेष महाधिवेशन आह्वान गर्ने अधिकार नभएको*
- *नियमित महाधिवेशनको प्रक्रिया अघि बढिसकेकाले विशेषको औचित्य सकिएको, महामन्त्रीले आफ्नै निर्णय निष्क्रिय बनाउन नमिल्ने*
- *सभापतिको राजीनामापछि बोलाउने विशेष महाधिवेशनले सभापति मात्रै छान्न सक्ने*

- *विधानको धारा १७ (२) अनुसार विशेष महाधिवेशन बोलाएर नेतृत्व चयन गरेको*
- *बहुमत महाधिवेशन प्रतिनिधिले कार्यविधि बनाएर नीतिसहित नेतृत्व परिवर्तन गरेको*
- *संविधान र दलसम्बन्धी ऐनले तोकेको व्यवस्थालाई आयोगले अन्यथा भन्न नमिल्ने*

## को नेता कता ?

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट पार्टी विभाजन भएसँगै नेताहरूले आ-आफ्नो पक्षमा कित्ता क्लियर गरेका छन्। संस्थापन पक्षले विशेष महाधिवेशनको नेतृत्व गरेका महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मा र सहमहामन्त्री फर्मुल्ला मन्सुरलाई अनुशासनको कारबाही गरेको पत्र निर्वाचन आयोगलाई बुधबार नै बुझाएको छ। नेताहरूमाथिको कारबाहीलगत्तै विशेष महाधिवेशनको हलबाट नयाँ नेतृत्व चयन गरेपछि को आधिकारिक कांग्रेस ? भन्ने कानुनी लडाइँ चलिरहेकै छ। पार्टी दुई समूहमा विभाजन हुँदा

»» पृष्ठ २ मा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ माघ

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट आफ्नै नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेका गगन थापाले बिहीबार कुपण्डोलमा पहिलो बैठक राखे। नवनिर्वाचित सभापति थापा पदाधिकारीसहित केन्द्रीय समितिको विवरण अध्यावधिक गर्न निर्वाचन आयोग पुग्दा अर्का सभापति शेरबहादुर देउवा पक्ष कानुनी परामर्शमा थियो। दुवैले व्यग्रताका साथ बहादुर भवनबाट आउने निर्णयको प्रतीक्षा गरिरहेका छन्।

विद्यार्थी राजनीतिबाटै नेतृत्वमाथि प्रश्न उठाउँदै उदाएका नेता हुन्, थापा। निर्वाचन आयोगले आधिकारिकता दिए उनी प्रश्न सोध्नेबाट जवाफ दिनुपर्ने स्थानमा पुग्नेछन्। निर्णय उनको पक्षमा नआए थापा पाँच वर्षसम्म कांग्रेसको साधारण सदस्यसमेत रहने छैनन्।

कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट सभापति चुनिएका थापामाथि पहिलो चुनौती नै आधिकारिकताको छ। पार्टीको महामन्त्रीको पदमा रहेर विशेष महाधिवेशन आह्वान गरेका थापासहित तीन जना नेतालाई नेपाली कांग्रेसको संस्थापन पक्षले पाँच वर्षका लागि अनुशासनको कारबाही गरेको पत्र निर्वाचन आगोगमा दर्ता गराएको छ। सभापति देउवा पक्षले पार्टीको महाधिवेशन नभएको र पार्टी हितविपरीत गतिविधि गरेको भन्दै नेताहरू गगन थापा, विश्वप्रकाश शर्मा र फर्मुल्ला मन्सुरलाई कारबाही गरेको पत्र निर्वाचन आयोगमा पठाएको हो। तर सो कारबाहीलाई विशेष महाधिवेशनको हलबाटै खारेज

»» पृष्ठ २ मा


# ZERO COST RECRUITMENT Opportunity For UAE !!
# शुन्य लागत अन्तर्गत यूएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकृया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्न नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ADNH Catering
कम्पनी : एडीएनएच क्याटरीङ

Pre Approval Date : 2025/07/24
पूर्व स्वीकृति मिति : २०८२/०६/०५
LT. No. 327702
एल टि. न. ३२७७०२
Invoice No. 60250386
चलानी नं. ६०२५०३८६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary एडी AED | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | क्लिनर जनरल Cleaner General | ४०० 400 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | ८०० 800 | ३१,४४२ 31,442 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छ Yes | छ Yes | दुई वर्ष 2 Years |

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.२१००/- रोजगारदाताले व्यहोर्ने NPR 2100/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
How much is the Service Fee and By the Employer
सामाजिक सुरक्षा शुल्क: रु. २५९६/- कम्पनीले व्यहोर्ने By the Employer

यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deducons, no cash deposits or any form of fees.

Pre-Interview are happenig one after another. While Final Interview will be conducted on 17 th Jan. 2026 in office premisees.
प्रि–अन्तर्वार्ता धमाधम भइरहेको छ । फाइनल अन्तर्वार्ता २०८२ माघ ०३ गते कार्यालय परिसरमा हुनेछ ।

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचल, काठमाण्डौमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal, Kathmandu.

Govt. License 593/062/63
KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
(Near by International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486, Email: postcv@hotmail.com


वैदेशिक रोजगार विशेष

# कांग्रेस केन्द्रीय समितिमा वैदेशिक रोजगार क्षेत्रका तीन जना निर्वाचित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

विशेष महाधिवेशनबाट निर्वाचित नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिमा नेपालको वैदेशिक रोजगार क्षेत्रबारे जानकार तथा वैदेशिक रोजगार व्यवसाय पृष्ठभूमिका गरी तीन जना निर्वाचित भएका छन्।

बिहीबार राति सम्पन्न केन्द्रीय कार्य समितिको निर्वाचनमा नेपाली कांग्रेसका तत्कालीन केन्द्रीय सदस्य तथा नेपाली कांग्रेस वैदेशिक रोजगार तथा प्रवास समन्वय समितिका विभाग प्रमुख प्रकाश रसाइली स्नेही सहमहामन्त्री, व्यवसायी पृष्ठभूमि भएका अब्दुल सत्तार र तिलकबहादुर रानाभाट केन्द्रीय सदस्य निर्वाचित भएका छन्।

सत्तार यसअघिको केन्द्रीय कार्यसमितिमा पनि केन्द्रीय सदस्य थिए। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष

»» पृष्ठ २ मा

## अमेरिका–इरान तनावले नेपाली कामदारको सुरक्षामा चिन्ता

**काठमाडौं/मस–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि तत्काल आक्रमणको कार्यक्रम नरहेको बताएका छन्। अमेरिकी आक्रमण र सम्भावित इरानी प्रतिशोधले खाडी मुलुकमा ठूलो संख्यामा रहेका नेपाली कामदारको सुरक्षा र रोजगारीमा चिन्ता बढाएको थियो।

इरानले आफ्नो आकाशमा बिहीबार केही समय उडान रोकेपछि खाडी मुलुक उडान भर्ने एयर इन्डियालगायतका उडान प्रभावित भएका थिए।

इरानी संसद्का सभामुखले अमेरिकाले आक्रमण गरे इरानले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य तथा जलमार्गहरूलाई निसाना बनाउने चेतावनी

»» पृष्ठ २ मा

# लुटिएका हतियार र भागेका कैदीको खोजीमै प्रहरी

## ४ हजार कैदी र ५ सय हतियार बाहिरै

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १ माघ

देश निर्वाचनमा होमिएको छ। राजनीतिक दलहरू आआफ्नो चुनावी तयारीमा जुटेका छन्। निर्वाचन सुरक्षामा भने अझै आशंका छन्। त्यसको एउटा मुख्य कारण गत भदौ २४ गते नेपाल प्रहरीबाट लुटिएका हतियार फिर्ता गर्न र जेलबाट भागेका कैदीलाई नियन्त्रणमा लिन नसक्नु रहेको छ।

काठमाडौं केन्द्रीय कारागारबाट भागेका मात्र १ हजार २ सय कैदी अझै फरार छन्। कारागार प्रशासनले फरार कैदीबन्दीको खोजी तथा नियन्त्रणमा सहयोग गर्न कैदीबन्दीका परिवारजन, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम, सम्बन्धित सरकारी कार्यालय तथा सरोकार भएका सबै पक्षलाई सहयोगका लागि आग्रह गरेको छ। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन क्रममा जेलबाट भागेका ती कैदीहरू जेलबाहिर

»» पृष्ठ २ मा



लुटिएका हतियार र भागेका कैदीकै कारण निर्वाचन सुरक्षामा कुनै असर पर्दैन, ढुक्कले शान्तिपूर्ण निर्वाचन हुन्छ।

■ **अविनारायण काफ्ले**
**प्रवक्ता, नेपाल प्रहरी**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## १९ वर्षपछि...

सचिवालयका प्रवक्ता गिरीका अनुसार छुट्टै संसद् भवनसमेत बनिरहेको छ। नयाँ भवनको निर्माण कार्य बाँकी नै छ। यसकारण कृषि तथा प्राकृतिक स्रोत समितिको हललाई राष्ट्रिय सभाको बैठक बस्नेगरी तयार गरिएको हो ।

१९ वर्ष संसद् बैठक चलेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको पनि आफ्नै इतिहास छ । नेपाल भ्रमण गर्न सन् १९८४ मा चिनियाँ राष्ट्रपति ली जियानियन आएका थिए। त्यहीबेला राजा वीरेन्द्रले नेपालमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र आवश्यक छ भनेर सहयोग मागेका थिए । त्यसपछि यो भवन चीन सरकारको सहयोगमा तयार भएको थियो ।

त्यसको तीन वर्षपछि अर्थात् सन् १९८७ मा नेपाल र चीनबीच आर्थिक तथा प्राविधिक सहायता सम्झौता भयो। त्यसको दुई वर्षपछि सन् १९८९ मा चिनियाँ प्रधानमन्त्री ली पेङ र नेपालका प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठले सम्मेलन केन्द्र बनाउन शिलान्यास गरेका थिए । सन् १९९३ मा निर्माण सम्पन्न यो भवन सुरुमा 'वीरेन्द्र अन्तर ाष्ट्रिय सम्मेलन केन्द्र' थियो । गणतन्त्र स्थापनापछि भने 'वीरेन्द्र' शब्द हटाएर 'अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र' भन्न थालिएको हो ।

यसरी चीन सरकारको उपहारस्वरूप निःशुल्क निर्माण गरिएको यो भवन जलेर नष्ट भएको छ । भवनको निर्माण तथा डिजाइन कार्यमा चिनियाँ सरकारी आर्किटेक्ट र इन्जिनियरहरूको प्रत्यक्ष संलग्नता थियो। यो पनि नष्ट भएको छ।

संसद् सचिवालयका अनुसार प्रतिनिधि सभाको बैठक पनि सिंहदरबारमै राख्न गरी निर्माणाधीन भवनलाई छिटो सम्पन्न गराउने गृहकार्य भइराखेको छ । यसका लागि सहरी विकास तथा भवन निर्माण विभागले नयाँ संसद् भवन निर्माणको कामलाई तीव्र बनाएको छ । प्रतिनिधि सभाको निर्वाचन आगामी २१ फागुनमा हुँदै छ । सो निर्वाचनबाट आउने संसद् बैठक सिंहदरबारस्थित नयाँ भवनमै राख्ने तयारी छ ।

भवन निर्माण विभागका अनुसार संसद् भवन निर्माणको काम ८८ प्रतिशत सकिएको छ ।

## वैधानिकताको...

गर्दै महाधिवेशनमार्फत निर्वाचित पदाधिकारीसहित केन्द्रीय समितिलाई आयोगमा अध्यावधिक गर्न सभापति थापासहित नेताहरू निर्वाचन आयोग गइसकेका छन्। उनले आयोगमा नेपाली कांग्रेस अध्यावधिकका लागि विशेष महाधिवेशनका निर्णयसहित आवश्यक कागजात पेस गरेसँगै शनिबारसम्म आधिकारिकता पाउने आशा व्यक्त गरे। गगन थापा र विश्वप्रकाश समूहले आफूहरूले नयाँ पदाधिकारी चयन गरेको दावीसहित निर्वाचन आयोगमा कागजात पेस गरेका हुन् । विशेष महाधिवेशनले बुधबार राति गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो, जसलाई शेरबहादुर देउवा पक्षधरले मान्यता दिएको छैन । देउवा पक्षले नियमित महाधिवेशन प्रक्रिया अघि बढिसकेकाले विशेष महाधिवेशनको औचित्य समाप्त भएको निर्णयसहित विशेष महाधिवेशन बहिष्कार गरेको थियो । तर विशेष पक्षले त्यसलाई अमान्य भन्दै महाधिवेशनको आह्वान गरेपछि पार्टीभित्रको कलह थाम्न नसकेर फुटको अवस्थामा पुगेको नेताहरूले बताएका छन्। तर विशेष महाधिवेशनले पार्टी फुटमा लैजाने व्यवस्था नगरी नेतृत्व चयनकै अवस्थालाई स्थापित गर्ने विशेष महाधिवेशनबाट उपसभापति बनेका विश्वप्रकाश शर्माले बताए। उनले भने, 'विशेष महाधिवेशनले पार्टी फुटेको भन्ने तर्क नै गलत छ। अहिले पार्टीमा नयाँ नेतृत्व चयन गरिएको हो । हामी त्यहीअनुसार निर्वाचन आयोगमा पुगेर पार्टी अध्यावधिक गर्न निवेदन दिएका छौं ।' बिहीबार ललितपुरस्थित एक होटलमा बसेको केन्द्रीय कार्य समितिको बैठकले उक्त निर्णय गरेको हो ।

निर्वाचन समितिका संयोजकसमेत रहेका वरिष्ठ अधिवक्ता सीताराम केसीले राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार अध्यावधिक गर्न नयाँ कार्यसमिति निर्वाचन आयोगमा गएको बताए । संविधानअनुसार दलबारे स्पष्ट किटानी गरेको राजनीतिक दल नेपाली कांग्रेसको विधानको धारा १७ (२) अनुसार महाधिवेशन प्रतिनिधिहरूको बाध्यात्मक व्यवस्था प्रयोग गरेर विशेष महाधिवेशन गरेकाले आयोगले मान्यता दिनुपर्ने उनको दाबी छ । निर्वाचन आयोग ऐनको दफा ५१ अनुसार, दलको नाम, चिह्न, विधान वा पदाधिकारी हेरफेर भएमा ३० दिनभित्र निर्वाचन आयोगमा जानकारी दिएर अभिलेख अद्यावधिक गर्नुपर्छ। गगन-विश्व समूहले कार्यसमिति बैठकबाट आफूहरूले विशेष महाधिवेशन गरेको गरेको र त्यसबाट नेतृत्व र पदाधिकारी परिवर्तन भएको भनी आयोगमा अभिलेख अद्यावधिक गरिदिन आयोगलाई पत्र बुझाएका छन्।

जेनजी आन्दोलनपछि कांग्रेसमा विशेष महाधिवेशनको माग बढ्दै जाँदा संस्थापन पक्षले त्यसलाई ग्रहण गर्न नसकेपछि कांग्रेसको विवाद चरम चुलीमा पुगेको थियो। जेनजी आन्दोलन अघि र पछिको मुलुकलाई फरक ढंगबाट हेरिनुपर्ने भन्दै महामन्त्री गगन थापासहित संस्थापनइतर समूहका नेताहरूले फागुन २१ को प्रतिनिधि सभा निर्वाचनअघि पार्टीको १५औं महाधिवेशन माग गरेका थिए। तर संस्थापन पक्षका नेताहरू निर्वाचनपछि मात्रै महाधिवेशन गर्ने चरणमा प्रवेश गरेपछि पार्टीभित्रको उकुसमुकुसको अवस्था एकाएक फुटमा परिणत भएको छ। दुवै पक्षका नेताबीच मिल्ने मिलाउने विषयमा लामो समय संवादमा रहे पनि आ-आफ्नो राणनीतिमा बलियो बन्दै एकअर्कालाई गलाउन खोज्दा विग्रहको अवस्था बन्न पुगेको छलफलमा सहभागी नेता डा. मिनेन्द्र रिजालले बताए। 'हामीले अथक प्रयास गऱ्यौं । तर दुवै पक्षका साथीहरू सहमतिमा आउन सक्नुभएन । अन्ततः पार्टी विभाजनउन्मुख पुग्यो,' उनले भने, 'पछिल्लो वार्तामा धेरै कुराहरू सहमति नजिक पुगे पनि पार्टी सभापति शेरबहादुर देउवालाई अहिले नै नेतृत्व छाड्ने र आगामी चुनाव पनि लड्न नपाउने भन्ने तर्कमा सभापतिजी सहमत हुनुभएन । टिकटमा हस्ताक्षर गर्ने कुरामा समेत सभापतिले कम्प्रोमाइन गर्नुभएकै हो । अर्को पक्षका साथीहरू मान्नुभएन ।' विशेष महाधिवेशनका नीतिगत कुरा स्वीकार गरेर आगामी निर्वाचनमा एक भएर जाने र त्यसका लागि टिकटमा हस्ताक्षर गर्ने कुरामा समेत सभापतिले कम्प्रोमाइज गरे पनि अर्को पक्ष सहमतिमा नआउँदा यो स्थिति आएको रिजालले जानकारी दिए ।

पार्टीको १५औं महाधिवेशन प्रतिनिधि सभाको निर्वाचनअघि कि पछि गर्ने भन्ने विवाद चुलिँदै जाँदा महाधिवेशनको समय घर्कियो। त्यससँगै १४औं महाधिवेशनका प्रतिनिधिमध्ये ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन आह्वान गरेका थिए । तर संस्थापन पक्षले त्यसलाई अस्वीकार गर्दै पार्टीको छलफलमा समेत नल्याएपछि विशेष पक्षधर नेताहरू थप रिसाएका थिए । विशेष महाधिवेशनले नेतृत्व छनोट र संस्थापन पक्षले विशेष महाधिवेशन पक्षमा लागेका नेतामाथि कारबाहीको डण्डा चलाएपछि नेपाली कांग्रेस विभाजन भएको छ ।

विभाजित कांग्रेसका दुवै समूहका नेताहरूले निर्वाचन आयोगले आफ्नै पक्षलाई नेपाली कांग्रेसको आधिकारिकता दिने दाबी गरेका छन् । चुनावको संघारमा पार्टी विभाजनको अवस्था आउनु दुःखद भएको भन्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य रामहरि खतिवडाले बताए । आयोगले दिने आधिकारिकताका सन्दर्भमा नेता खतिवडाले निर्वाचन आयोगले केन्द्रीय समिति र संसदीय दल मात्रै चिन्ने हुँदा शेरबहादुर देउवाले नेतृत्व गरेको कांग्रेसलाई नै आधिकारिकताका दिने दाबी गरे । निर्वाचनसम्बन्धी सबै प्रयोजनका लागि देउवाकै हस्ताक्षरमा पार्टीलाई अध्यावधिक गरिसकिएको उनको भनाइ छ। 'निर्वाचन आयोगको दलसम्बन्धी ऐनमा महाधिवेशन प्रतिनिधि र महासमितिको विषयमा के उल्लेख छ भन्ने कुरा हो,' खतिवडाले भने, ' विगतका पार्टी विभाजनसम्बन्धी नजिर हेर्दा निर्वाचन आयोगले केन्द्रीय समिति र संसदीय दल मात्रै चिन्छ । त्यस आधारमा संस्थापन पक्षले नै कांग्रेसको आधिकारिकता पाउँछ। विगतको अभ्यास पनि त्यही छ ।'

विगतमा विभाजन भएका नेपाली कांग्रेस नागरिक उन्मुक्ति, नजता समाजवादी पार्टीलगायत दलमा संस्थापन पक्षले नै आधिकारिकता दिएको नजिर छ । नागरिक उन्मुक्ति पार्टीमा अध्यक्ष रञ्जिता र संरक्षक रेशमबीच विभाजन हुँदा रञ्जिता श्रेष्ठ पक्षले नै आधिकारिकता पाएको थियो। जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र अशोक राईबीचको विभाजनमा अशोकका पक्षमा बहुमत देखिए पनि उपेन्द्रलाई नै आधिकारिकता पाएका थिए । शेरबहादुर देउवाले कांग्रेस विभाजन गरेर संस्थापन बन्न निर्वाचन आयोग जाँदा आयोगले तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाई नै आधिकारिकता दिएको विगतको नजिर छ । प्रतिनिधि सभा विघटन भएको वर्तमान अवस्थामा कांग्रेसको केन्द्रीय समितिको बहुमतका आधारमा आयोगले निर्णय गर्नेमा संस्थापन पक्ष विश्वस्त छ।

केन्द्रीय कार्यसमितिको चारवर्षे अवधि सकिसकेको र विधानमा भएको एक वर्ष थप्न पाउने व्यवस्थाअन्तर्गत आवधिक महाधिवेशन नगरिएकाले विशेष महाधिवेशन बोलाइएको नेता देवराज चालिसेले बताए। मंसिर १५ गते बसेको केन्द्रीय समिति बैठकले पुसको २६-२९ सम्म नियमित महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर सो कार्यतालिकाअनुसार महाधिवेशन प्रक्रिया अघि नबढेपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुस १७ गते पूर्वनिर्धारित नियमित महाधिवेशन स्थगत गर्दै विशेष महाधिवेशनको आह्वान गरेका थिए ।

## को नेता...

धेरैजसो पुराना नेता संस्थापन पक्षमै रहेका छन् भने अधिकांश युवा नेता नयाँ कार्यसमितिमा छन्। नवनिर्वाचित सभापति गगन थापासहितको केन्द्रीय समितिका नेताहरूले आफू नै पार्टीको संस्थापन पक्ष भएको दाबी गर्दै आएका छन्।

विशेष महाधिवेशनमार्फत रूपान्तरित र पुर्नजाग्रित कांग्रेस निर्माणका लागि सभापति गगन थापाको नेतृत्वमा पार्टी अघि बढाउने उद्घोषका साथ केही पाका नेतासमेतले साथ दिएका छन् । तर सो समूहमा अधिकांश युवा नेताहरूको साथ छ । यो समूहलाई साथ दिने नेताहरू विश्वप्रकाश शर्मा, पुष्पा भुसाल, प्रदीप पौडेल, गुरुराज घिमिरे, डा. डिला संग्रौला, उदयशमशेर राणा, गोपालमान श्रेष्ठ, अर्जुननरसिंह केसी, राजेन्द्रकुमार केसी, हृदयराम थानी, विनोद चौधरी, देवराज चालिसे, मधु आचार्य, प्रतिमा गौतम, अजयबाबु शिवाकोटीलगायत छन् । उनीहरू नागरिकमाझ लोकप्रिय छन् । त्यस्तै शेरबहादुर देउवा सभापति कायम रहेको कांग्रेस नै आधिकारिक कांग्रेस भएको दाबीसहित केन्द्रीय समितिका अधिकांश पुराना नेताहरूले देउवालाई साथ दिएर बसेका छन्। देउवा समूहमा उपसभापति पूर्णबहादुर खड्का, धनराज गुरुङ, नेताहरू डा. शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, बलबहादुर केसी, एनपी साउद, आरजु राणा, बालकृष्ण खाँण, डा. प्रकाशशरण महत, डा. मिनेन्द्र रिजाल, जीवन परियार, बद्री पाण्डे, डिना उपाध्याय, मोहन बस्नेत, ज्ञानेन्द्रबहादुर कार्की, डा. गोविन्दराज पोखरेल, मीन विश्वकर्मा, रामहरि खतिवडा, नैनसिंह महर, भूपेन्द्रजंग शाहीलगायत नेता छन्। अहिले दुवै पक्षमा लागेका धेरैजसो नेता कानुनी रूपमा जसले आधिकारिकता पाउँछ त्यसैतिर लाग्नेगरी अहिले मौन छन्।

## कांग्रेस...

रानाभाट नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको संस्थापक अध्यक्ष हुन् । हाल उनी संघको प्रमुख सल्लाहकारको जिम्मेवारीमा छन् ।

वैदेशिक रोजगारका ऐन, कानुन तथा नीति परिवर्तनको माग भइरहेको अवस्थामा प्रमुख दलको केन्द्रीय कार्यसमितिमा जानकार र विज्ञ व्यवसायी निर्वाचित हुनु वैदेशिक रोजगारका लागि सकारात्मक भएको कतिपयको टिप्पणी छ ।

नेपालमा मातृपार्टीमा देखिने गुट निर्माण तथा विभाजनको प्रत्यक्ष असर भ्रातृ वा शुभेच्छुक संस्थामा देखिने गरेको छ । तर एसोसिएसनका वरिष्ठ उपाध्यक्ष रामप्रसाद गैरेले एसोसिएसनको कार्यसमिति नेपाली कांग्रेसको विशेष महाधिवेशनको पक्षमा उभिएको बताएका छन् । उनले एसोसिएसनमा पार्टी विभाजनको असर नदेखिने दाबीसमेत गरे। एसोसिएसनमा आबद्ध केही व्यवसायीले भने सभापति शेरबहादुर देउवा नेतृत्वको कार्यसमिति नै नेपाली कांग्रेस भएको जिकिर गरेका छन् ।

## अमेरिका...

दिएका छन् । इरानमा मूल्यवृद्धि र देशको मुद्राको अवमूल्यनपछि भएको विरोध प्रदर्शनबाट हालसम्म २ हजार ४ सय बढी प्रदर्शनकारीको मृत्यु भएको छ भने १८ हजार ५ सय बढी पक्राउ परेका छन्। पक्राउ परेकामध्ये केहीलाई इरानले फाँसी दिने चर्चा चलेपछि दबाब स्वरुप अमेरिकाले आक्रमणको धम्की दिएको थियो ।

बुधबार कतारमा रहेको मध्यपूर्वको सबैभन्दा ठुलो अमेरिकी सैनिक अखडा अल उदेइद एयरबेसमा ठुलो संख्यामा रहेका अमेरिकी सैनिकलाई स्टेसन छोड्न भनिएको थियो । अमेरिकी राष्ट्रपति ट्रम्पले इरानमाथि आक्रमण गर्ने वा नगर्ने भन्ने बारेमा अझै पनि सोचिरहेको कतारी सञ्चारमाध्यम अलजजिराले उल्लेख गरेको छ ।

नेपालको परराष्ट्र मन्त्रालयले इरानमा रहेका नेपाली नागरिकहरूलाई सुरक्षाका लागि जारी हुने निर्देशन पालना गर्न, घरभित्रै बस्न, सतर्क रहन सुझाव दिएको छ । यस्तै मन्त्रालयले स्थिति सामान्य नभएसम्म इरानको यात्रा नगर्न पनि सबै नेपाली नागरिकसमक्ष आग्रह गरेको छ । कतारका बारेमा भने केही बोलिएको छैन । दोहास्थित अमेरिकी दूतावासले आफ्ना कर्मचारीलाई अझ सतर्क रहन र अल-अदेद शिविरतिर सकेसम्म नजान सुझाव दिएको छ ।

## लुटिएका...

हुँदा सुरक्षा चुनौती कायमै छ । सुन्धारास्थित केन्द्रीय कारागारका अनुसार, कारागारमा जम्मा ३ हजार ८ सय जना कैदी थिए । आन्दोलनको मौका छोपेर कारागार तोडफोड गरेर ३ हजार ५ सय १६ कैदी भागेको केन्द्रीय कारागारका प्रवक्ता वैकुण्ठ रेग्मी बताउँछन् ।

देशभरका कारागारबाट अझै ४ हजार २ सय १४ जना कैदी जेलबाहिर रहेको केन्द्रीय कारागार व्यवस्थापन विभागले जनाएको छ । तीमध्ये ५ सय १६ वटा भारतीय नागरिक कैदी कारागार तोडफोड गरेर भागेका थिए । उनीहरू लुटपाट, लागूपदार्थ ओसारपसारमा संलग्न, हत्या, सांगठनिक अपराधमा संलग्नताको कसुरमा कारागारमा पुगेका थिए । भारतबाहेकका अन्य देश भियतनाम, चीन, दक्षिण अफ्रिका, बंलादेश, मलेसिया, अमेरिका, युगान्डा, युक्रेन, उज्बेकिस्तान, नाइजेरिया, भुटान सुडानलगायतका देशका ८९ कैदी पनि जेल तोडेर भागेका छन्। उनीहरू पनि लागूऔषध कारोबारी, हत्या, कुटपिटलगायतमा संलग्न रहेको विभागले जनाएको छ। कर्तव्य ज्यान, हत्या, जबरजस्तीकरणी, चोरी, डकैतीलगायतका विभिन्न अपराध गरेर जेल चलान भएका कैदी भागेका छन् । 'भागेका केही कैदीहरू आफैं सम्पर्कमा पनि आएका छन्', विभागका निर्देशक चोमेन्द्र न्यौपानेले भने 'बाँकीलाई प्रहरीले खोजिरहेको छ ।'

कैदीहरू मात्रै होइन लुटिएका करिब ५ सय थान हतियार पनि अझै भेटिएको छैन । जुन जेनजी आन्दोलन क्रममा लुटिएका थिए । आन्दोलनका क्रममा करिब १४ सय अत्याधुनिक हतियार प्रहरीबाट लुटिएका थिए। नौ सयजति हतियार भने प्रहरीले नियन्त्रणमा लिइसकेको नेपाल प्रहरीले जनाएको छ । जेलबाहिर रहेका कैदी र हतियारकै कारण निर्वाचन सुरक्षामै असर भने नपर्ने प्रहरी नायब महानिरीक्षक एवं केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेको दाबी छ । 'कारागार तोडेर भागेका अधिकांश कैदीहरू भारततर्फ भागेको प्रहरीको अनुमान छ,' उनले भने, 'उनीहरुकै कारण निर्वाचनमा असर पर्ने देखिँदैन् । धेरैजसो हतियार प्रहरीले नियन्त्रणमा लिइसकेको छ।' प्रहरीले नियन्त्रणमा लिएका हतियार पनि पुनः उपयोग हुने अवस्थामा थिएनन् । लुटिएका हतियार पनि प्रयोग गर्न लायक नभएको टिप्पणी काफ्लेले गरेका छन् । तर लुटिएका हतियार र भागेका कैदीहरूको निगरानी भने प्रहरीले गरिरहने उनले बताए । 'हामी लुटिएका हतियार र भागेका कैदीहरूको निरन्तर निगरानीमै छौं,' उनले भने, 'त्यसैका कारणले मात्र निर्वाचन सुरक्षामा कुनै असर पर्दैन, ढुक्कले शान्तिपूर्ण निर्वाचन हुन्छ ।'

कारागार विभागले तोकेको समयसीमाअनुसार गत असोज २० गतेसम्म कारागारमा नफर्कने कैदीबन्दीलाई कारागार ऐन, २०७९ तथा अन्य प्रचलित कानुनअनुसार कारबाही गरिने जानकारी यसअघि सार्वजनिक गरिएको थियो ।

प्रदर्शनको मौका पारेर झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपर ासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट कैदीबन्दी भागेका थिए । यस्तै, मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधार गृहबाट ९ सय ६३ बालबन्दी भागेका थिए ।

# अझ संयमित र एकताबद्ध भएर अगाडि बढ्न आवश्यक : प्रधानमन्त्री




**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले थारु समुदायको मौलिक संस्कृति, भाषा र पहिचानको संरक्षण र प्रवर्धन गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छन् ।

बिहीबार काठमाडौंमा आयोजित थारु राष्ट्रिय माघी महोत्सवको सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले नेपालमा पश्चिमको कञ्चनपुरदेखि पूर्वको झापासम्म र तराई मधेशका विभिन्न जिल्लामा बसोबास रहेको थारु समुदाय देशविदेशमा समेत फैलिँदै गएको बताइन् । जो जहाँ पुगेपनि आफ्नो मौलिक संस्कृति, भाषा, पहिचान र परम्परालाई सबैले अनुशरण गर्नुपर्ने उनको भनाइ छ । उनले माघ १ गते नेपालका विभिन्न समुदायहरुले फरक-फरक नाम, शैली र परम्पराअनुसार चाडपर्व मनाउने गरेको बताइन् । चाडपर्व मनाउने शैली फरकफरक भएपनि त्यसको मर्म एउटै रहेको उनको भनाइ छ ।

उनले आपसी सम्मान, एकता, सद्भाव र सह-अस्तित्व नै सबै चाडपर्वको मर्म भएको उल्लेख गरिन् । उनले आपसी सद्भाव, विश्वास, सहकार्यका माध्यामबाट मुलुकलाई शान्ति, स्थायित्व र समृद्धितर्फ अग्रसर गराउनु आजको राष्ट्रिय आवश्यकता भएको बताइन् । उनले वर्तमान परिस्थितिमा अझ संयमित र एकताबद्ध भएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको औंल्याइन् ।

# नेकपा र ढुंगानाबीच चार बुँदे सहमति



**काठमाडौं/मस–** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र संयुक्त जेनजी आन्दोलनका संयोजक मिराज ढुंगानाबीच जेनजी विद्रोहका मागहरू पुरा गर्न संघर्ष गर्नेलगायत चार बुँदे सहमति भएको छ ।

सर्वपक्षीय सहमति र अन्तरिम सरकार गठनका लागि संघर्ष गर्ने, आन्दोलन र जनताको चाहना बमोजिम संविधान संशोधन, स्थिर सरकार र भ्रष्टाचारविरुद्ध विशेष न्यायिक निकाय गठन, राज्यको अग्रगामी पुनर्संरचनाका लागि संयुक्त रूपमा संघर्ष गर्ने जस्ता विषय समावेश सहमतिपत्रमा नेकपाका महासचिव चन्द र संयोजक ढुंगानाले बिहीबार माइतीघर मण्डलामा हस्ताक्षर गरेका हुन् । ढुंगाना नेतृत्वको समूह पछिल्लो केही दिनदेखि विभिन्न माग राखी माइतीघर मण्डलामा धर्नामा बस्दै आएको छ ।

# विशेष महाधिवेशनबाट नेतृत्व छान्ने प्रतिनिधिहरूको वैधानिक अधिकार हो



**सीताराम केसी**
**वरिष्ठ अधिवक्ता**

विशेष महाधिवेशनको निर्वाचन समितिका संयोजकसमेत रहेका वरिष्ठ अधिवक्ता सीताराम केसीले निर्वाचन आयोग संवैधानिक आयोग भएकाले संविधानले तोकेको र दलसम्बन्धी ऐनले तोकेको व्यवस्थाभन्दा बाहिर जान नहुने बताए । राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार अध्यावधिक गर्न नयाँ कार्यसमिति निर्वाचन आयोग गएको उनको भनाइ छ । 'संविधानअनुसार दलबारे स्पष्ट किटानी गरेको राजनीतिक दल नेपाली कांग्रेसको विधानको धारा १७ (२) अनुसार महाधिवेशन प्रतिनिधिहरूको बाध्यात्मक व्यवस्थालाई केन्द्रीय कार्यसमितिले अन्यथा व्याख्या गरेर पन्छाउन मिल्दैन,' उनले भने ।

५० प्रतिशतभन्दा बढी प्रतिनिधिले विशेष महाधिवेशनमा भाग लिई आफ्नो कार्यविधि तय गरी त्यहींअनुसार केन्द्रीय समिति भंग गरिसकेको र आवश्यक नीतिसमेत पारित गरी नेतृत्वसमेत चयन गरिसकेको अवस्थामा नयाँ कार्यसमितिको अध्यावधिक गर्नुपर्ने निर्वाचन आयोगको संवैधानिक कानुनी व्यवस्था रहेको केसीको जिकिर छ । 'निर्वाचन आयोगले दलको नियमित अधिवेशन र विशेष अधिवेशन भनेर चिन्दैन, अधिवेशन मात्रै चिन्छ,' केसीले भने, 'नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि केन्द्रीय समिति चयन गर्ने अधिकारप्राप्त निकाय भएकाले केन्द्रीय कार्यसमितिले महाधिवेशन प्रतिनिधिको मागअनुसार विशेष महाधिवेशन नबोलाएको अवस्थामा महाधिवेशन आह्वानकर्ताले आफैंले बोलाउन सक्ने र नेपाली कांग्रेसको विधानमा आफ्नो कार्यविधि आफैं बनाउन सक्ने भएको हुँदा सोबमोजिम कार्यविधि बनाई निर्णय कार्यान्वयन गरेको अवस्था छ ।' यसलाई निर्वाचन आयोगले अन्यथा व्याख्या गर्न नमिल्ने उनले बताए ।

# १५औं महाधिवेशनको सुरु भइसकेका कारण विशेष महाधिवेशन अवैध छ



**शिव कँडेल**
**वरिष्ठ अधिवक्ता**

दफा १७ मा महाधिवेशन प्रतिनिधिहरूले अनुरोध गरेपछि केन्द्रीय समितिले मात्र आवश्यक ठानेमा विशेष महाधिवेशन बोलाउन पाउने व्यवस्था रहेकाले यो विशेष महाधिवेशनको वैधता नहुने वरिष्ठ अधिवक्ता शिव कँडेलले बताए । महाधिवेशनको कार्यविधिले जिल्लामार्फत केन्द्रमा आउनुपर्छ भन्ने व्यवस्था गरेको उनको तर्क छ ।

विधानको दफा २७ अनुसार महामन्त्रीको काम कर्तव्य अधिकारमा विशेष महाधिवेशन आह्वान गर्ने अधिकार छैन। निर्वाचन आयोगको कार्यविधिमा विवादको निरुपण गर्न समयावधि तोकेर दुवै पक्षलाई झिकाउनुपर्ने व्यवस्था छ। त्यसरी समय दिएर झिकाउने र मनोनयन गर्ने समयको चाप हेर्दा निर्वाचन आयोगलाई नै बाधा पर्ने भएकाले कांग्रेसको विशेष महाधिवेशनले वैधानिकता पाउने अवस्था रहँदैन ।

'४५ दिनसम्म बसेको केन्द्रीय समितिका महामन्त्रीसमेतको संयुक्त बैठकबाट नियमित महाधिवेशनको निर्णय गरिसकेको अवस्था हो,' उनले भने, 'कतिपय विदेशस्थित सम्पर्क समितिहरूले अधिवेशन गरी महाधिवेशन चयन गरिसकेकाले १५औं महाधिवेशन सुरु भइसकेका कारण विशेष महाधिवेशन नै अवैधानिक छ ।'

नियमित महाधिवेशन हुन नसक्ने अवस्था वा विशेष परिस्थिति आएको खण्डमा विशेष महाधिवेशन बोलाउनुपर्नेमा नियमित महाधिवेशन प्रक्रिया अघि बढे पनि त्यसलाई रोकेर विशेष महाधिवेशन बोलाइएका कारण यसको औचित्य पुष्टि हुन नसक्ने कँडेलले बताए । 'नियमित महाधिवेशनको कार्यतालिका निकालेका नेताहरूले नै आफ्नो प्रस्तावलाई फेल गरेर विशेष बोलाएका छन् ।

स्वार्थ बाँझिएकाले आफ्नो निर्णय आफैंले गर्न सकिँदैन । नियमित महाधिवेशनको प्रक्रियालाई ब्रेक गरेर विशेष बोलाउनु गम्भीर त्रुटि हो ।' त्यस्तै, विधानको दफा २६ मा सभापतिले राजीनामा दिएर कार्यसमितिले स्वीकृत गरेमा र उपसभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हालेको ६ महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाई केन्द्रीय सभापतिको मात्रै निर्वाचन गरिने व्यवस्था रहेको उनको दलील छ ।

# शान्ति, सुशासन र विकासको जनआकांक्षा पूरा गर्न निर्वाचन सफल पारौं : राष्ट्रपति



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले परिवर्तित सन्दर्भमा नवपुस्ता मात्र नभएर सबै नेपालीको चाहनाअनुसार सुरक्षित भविष्यको लागि मुलुकलाई निकास दिन आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल पार्न अनुरोध गरेका छन् ।

बाग्लुङको बलेवास्थित त्रिभुवन माध्यमिक विद्यालयले बिहीबार विद्यालय परिसरमा आयोजना गरेको हीरक महोत्सवमा उनले शान्ति, सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्नुपर्ने दायित्वका लागि यो निर्वाचनलाई सफल पार्नुपर्ने बताएको उनको सचिवालयले जनाएको छ ।

'हामीले ठूलो संघर्ष र बलिदानबाट प्राप्त गरेको संविधान र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीले शासनमा बसेकाहरूबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनचाहना पूरा हुनुपर्छ । यो हामीले बिर्सन हुन्न', राष्ट्रपतिले भने । जनताको हित र सेवालाई केन्द्रमा राखेर सुशासनको माध्यमबाट भ्रष्टाचार, ढिलासुस्ती, विकृतिको अन्त्य गरी विकासको गतिलाई तिव्रता दिनु आजको आवश्यकता भएको बताउँदै राष्ट्रपतिले परिवर्तित सन्दर्भमा नवपुस्ता र जनचाहनाअनुसार मुलुकलाई निकास दिने अहिलेको सर्वोत्तम उपाय निर्वाचन भएको बताए ।

राष्ट्रपति पौडेलले मुलुकलाई राजनीतिको दुष्चक्रमा पर्न नदिन आपसी समझदारी, समवन्य र सहकार्यबाटै निर्वाचनको महायज्ञलाई सफल पार्न आग्रह गरे । 'शिक्षा र रोजगारीका लागि युवा विदेश पलायन हुने समस्याले आज हामी सबैलाई चिन्तित तुल्याएको छ', उनले भने, 'शिक्षामा लगानी बढाएर शिक्षा र रोजगारीको लागि विदेशीने चिन्ताजनक अवस्थाको अन्त्य गर्न स्वदेशमै रोजगारी, उत्पादन र उद्यमशीलताका नवीन आयामहरूको विकासमा जोड दिनु हामी सबैको दायित्व हो ।'

राष्ट्रपति पौडेलले बदलिँदो विश्वमा गुणस्तरीय, प्रविधिमैत्री र मूल्यमा आधारित शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै विद्यालयहरूले ज्ञानसँगै नैतिकता, सीप र संस्कार सिकाउनुपर्नेमा जोड दिए । राष्ट्रको भविष्य र राष्ट्र निर्माणको आधारशिला नै शिक्षा भएको र यसलाई सरकारले सधैँ प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै राष्ट्रपतिले भने, 'देश विकासको लागि कृषिलाई आधुनिकीकरण, व्यावसायिकीकरण र औद्योगिकीकरण गर्ने शिक्षा नै अहिलेको आवश्यकता हो । नवप्रवर्तन, अनुसन्धान र व्यावसायिक क्रियाकलापमार्फत शिक्षालाई उद्यमशीलतासँग जोड्दै जीवनोपयोगी बनाउनुपर्छ ।'

# सनम शाक्य हत्या प्रकरण
## आरोपी गौतम पक्राउ

**काठमाडौं/मस–** नेपाल प्रहरीले ३३ किलोग्राम सुन काण्डमा संलग्न भनिएका सनम शाक्यको हत्या आरोपी एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले सो अभियोगमा मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१७ का ३३ वर्षीय सुरेन्द्र गौतमलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

मोरङ उर्लाबारीका सनम शाक्यलाई विसं २०७४ फागुन १८ गते कुटपिट तथा करेन्ट लगाएर हत्या गरिएको थियो । सुन कारोबारमा संलग्न मुख्य अभियुक्त चुरामणि उप्रेती (गोरे)लाई प्रहरीले यसअघि नै पक्राउ गरिसकेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले पक्राउ परेका गौतमलाई आवश्यक अनुसन्धानका लागि बिहीबार जिल्ला प्रहरी कार्यालय मोरङ पठाइएको जानकारी दिए ।

# जागिर लगाइदिने भन्दै ठगी धन्दा

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १ माघ

कक्षा १२ मा पढदै गरेका एक विद्यार्थी जागिरको खोजीमा थिए । उनको नजर टिकटकमा आकर्षक जागिर लगाइदिने भन्दै प्रचारमा गयो । जब सेन्टरलाई जागिर लगाइदिने भन्दै उनले अनुरोध गरे । सेन्टरमा २ हजार रुपैयाँको फर्म भरेपछि छिट्टै आकर्षक जागिर पाइने प्रलोभनमा पारे । उनले फर्म भरेको महिना दिन नपुग्दै जब सेन्टर नै सम्पर्कविहीन भयो । उनले आफू ठगिएको भन्दै साइबर ब्युरोमा उजुरी दिए ।

स्नातक सकेर जागरिको खोजीमा रहेकी एक युवतीले जब सेन्टरलाई ५ हजार रुपैयाँ बुझाइन् । जब सेन्टरमा तलबअनुसारको शुल्क लिइँदो रहेछ । ३० हजारदेखि माथिको जागिरका लागि ५ हजार रुपैयाँको फर्म भर्नुपर्नेरहेछ । 'फर्म भरेपछि एक महिनाभित्र जागिर पाउनुहुन्छ भनिएको थियो, 'ती युवतीले भनिन्, 'केको जागिर पाउनु, उल्टै ५ हजार रुपैयाँ गयो ।'

देशमा बेरोजगारको संख्या बढ्दो छ । अधिकांशले पढेअनुसारको जागिर पाइरहेका छैनन् । त्यसको फाइदा विभिन्न अनलाइनमार्फत जब सेन्टरको नाममा ठगी धन्दा चलाइरहेका छन् ।




पछिल्लो नौ महिनामा मात्रै ८ सय ३ जनाले जब सेन्टरको नाममा ठगी भएको भन्दै साइबर ब्युरोमा उजुरी दिएका छन् । ब्युरोमा उजुरी दिएका अधिकांशले जागिर लगाइदिने प्रलोभनमा पैसा लिएर ठगेको उल्लेख गरेका छन् ।

सामाजिक सञ्जाल र मोबाइल बैंकिङको तीव्र विस्तारसँगै साइबर ठगीका घटना भयावह रूपमा बढिरहेका छन् । विशेषगरी अनलाइन जागिर, लटरी, सस्तो मूल्यमा महँगो सामान, बैंक केवाइसी भेरिफिकेसनजस्ता प्रलोभनमा परेर विद्यार्थीदेखि कर्मचारी र व्यवसायीसम्मले लाखौं रुपैयाँ गुमाएका छन् ।

पछिल्लो समय फेसबुक, इन्स्टाग्राम, टेलिग्राम, ह्वाट्स एप, म्यासेन्जर, भाइबरलगायत प्लेटफर्मबाट अनलाइन जबको आवरणमा लिंकहरू पठाएर ठगी हुने गरेका घटना बढ्न थालेको ब्युरोले जनाएको छ ।

विभिन्न सामाजिक सञ्जालमार्फत अनलाइन ठगी बढेपछि नेपाल प्रहरीको साइबर ब्युरोले सचेत रहनसमेत आग्रह गरेको छ । 'यसका साथै इसेजा, खल्तीजस्ता वालेट तथा बैंकिङ/वित्तीय संस्थाबाट बोलेको भनेर ओटिपी मागी रकम ट्रान्सफर गर्नेसम्मका घटना वृद्धि भएको छ,' ब्युरोका एसपी दीपकराज अवस्थीले भने, 'विभिन्न प्रलोभनमा हुने अनलाइन ठगीबाट जोगिन नागरिक आफैं सचेत हुनुपर्छ ।'

आकर्षक जागिरको प्रलोभन देखाएर लिंकहरू पठाउने र धोकापूर्ण तरिकाले प्रलोभनमा पारेर ठगी गर्ने घटना अत्यधिक बढेको पाइएकाले सचेत रहन उनले अनुरोधसमेत गरे ।

यसका साथै खल्ती, ई-सेवाजस्ता विभिन्न वालेट तथा बैंक/वित्तीय संस्थाबाट बोलेको भनेर ओटिपी मागी पैसा ट्रान्सफर गर्ने, गिफ्ट प्याकेज, अनलाइन सपिङलगायतका बहानामा पनि ठगी गर्ने कार्य भइरहेको ब्युरोको विज्ञप्तिमा उल्लेख छ ।

ब्युरोले यस्तो अवस्थामा आमजनमानसमा गलत विज्ञापनमा विश्वास नगर्न, आआफ्नो व्यक्तिगत बैंकिङ खाताको सही सदुपयोग गर्नका साथै प्रविधिको सुरक्षिततवरले प्रयोग गर्नुपर्ने उनले बताए । 'धेरैजसो पीडितले ठगी भएको थाहा पाउँदा ढिलो भइसकेको हुन्छ र पैसा फिर्ता हुने सम्भावना न्यून देखिन्छ,' उनले भने, 'नचिनेका व्यक्तिले पठाएका लिंक खोल्नु र प्रलोभनमा पार्नुहुँदैन । फोन तथा सन्देशप्रति उच्च सतर्कता अपनाउनुपर्छ ।'

# सात हजार यात्रीलाई जेब्राक्रसिङबाट बाटो काट्न सिकाइयो

**काठमाडौं/मस–** ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा सात हजार ९ सय ८७ पैदलयात्रीलाई सुरक्षित तरिकाले जेब्राक्रसिङबाट बाटो काट्न सिकाएको छ ।

दुर्घटना न्यूनीकरण विशेष अभियानअन्तर्गत प्रहरीले बिहीबार थप स्कुल कलेजका ६६ जना विद्यार्थीलाई सचेतना, एक हजार ५ सय १२ जनालाई रात्रिकालीन विशेष सचेतना, पाँच हजार ३ सय १५ जना दुईपांग्रे तथा चारपांग्रे सवारी साधनका चालकलाई सचेतना कार्यक्रम, दुई हजार ७ सय ४७ जना चालक तथा यात्रुलाई सुरक्षित यात्राको कामना, तीन हजार ६ सय १४ जनालाई यात्रुसँग सचेतनामूलक कार्यक्रम गरेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।




त्यसैगरी १५ वटा ट्राफिक कोणमा सरसफाइ, २ सय ७ जनालाई मस्कटसहित सडक नाटक प्रदर्शन, १ सय ४० जनालाई आरक्षण सिट यात्रुमैत्री व्यवहार, सरसफाइ कार्यक्रममा संलग्न १४ जना, सडक दुर्घटनामा दिवंगत भएका व्यक्तिहरुको सम्झनामा दीप प्रज्वलन कार्यक्रममा २ सय ९० जना सहभागी भएका छन् ।

२१ जना दुर्घटना पीडित घाइतेसँग भेटघाट, १ सय २५ जनालाई आकाशे पुलबाट बाटो काट्न सिकाइएको, ३० जना चालकलाई लागुपदार्थ सेवन गरे नगरेको जाँच, २३ हजार ७ सय ३ जना सडक प्रयोगकर्ता विशेष सचेतना अभियानबाट लाभान्वित भएका छन् ।

साथै १५ हजार ३७ जनालाई पर्चापम्प्लेट वितरण तथा नो हर्नलगायतका स्टिकर चार हजार ९ सय ६४ वटा स्टिकर टाँस गरेको छ । 'सभ्य नागरिकको चिनारी, सडक दुर्घटना न्यूनीकरण हामी सबैको जिम्मेवारी' भन्ने नाराका साथ गत २६ गतेदेखि सुरु भएको ट्राफिक सप्ताह आगामी माघ ३ गतेसम्म सञ्चालन हुनेछ ।

यो अभियानमा एक हजार ६ सय ३५ जना ट्राफिक स्वयंसेवक परिचालन, सडकमा हुने सानो लापरबाहीले ठूलो दुर्घटनाको रुप लिनसक्छ भन्ने यथार्थलाई आत्मसात् गरी सुरक्षित सडक संस्कारको विकास गर्दै सडक दुर्घटनाबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक सप्ताहको आयोजना गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।

# स्वास्थ्य बिमा कार्यक्रमको एक दशक : स्रोतको अभाव गहिरिँदै

**काठमाडौं/मस–** नेपालमा स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको एक दशक पूरा भएको छ । २०७२ साल चैत २५ गते सुरु भएको यो कार्यक्रम स्वास्थ्य बिमा ऐन र नियमावली लागू भएपछि देशभर विस्तार भएको हो । हाल डोल्पाका तीन गाउँपालिका बाहेक ७७ वटै जिल्लाका ७ सय ५० स्थानीय तहमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा छ ।

स्वास्थ्य बिमा बोर्डका अनुसार हाल करिब ६८ लाख नागरिक सक्रिय विमित रहेका छन् । स्वास्थ्य बिमा कार्यक्रम नेपाल सरकारको वार्षिक अनुदान र विमितले तिर्ने प्रिमियम रकमबाट सञ्चालन हुँदै आएको छ । परिवारमा आधारित स्वास्थ्य बिमाअन्तर्गत हाल एक परिवारले ३ हजार ५ सय रुपैयाँ प्रिमियम तिर्नुपर्छ । तर कुल विमितमध्ये करिब ५५ प्रतिशत नागरिकले प्रिमियम तिर्नु पर्दैन । ७० वर्षमाथिका ज्येष्ठ नागरिक, विपन्न वर्ग, पूर्ण अपाङ्गता भएका व्यक्ति, कुष्ठरोगी, एचआईभी संक्रमितलगायत वर्गको प्रिमियम राज्यले नै तिर्दै आएको छ ।

चालु आर्थिक वर्षमा सरकारले स्वास्थ्य बिमाका लागि १० अर्ब रुपैयाँ अनुदान दिएको छ । गत आर्थिक वर्षमा विमितबाट संकलित प्रिमियम रकम ३ अर्ब ७३ करोड रुपैयाँ मात्रै रहेको बोर्डले जनाएको छ । यसरी स्वास्थ्य बिमा कोषको कुल स्रोत करिब १४ अर्ब रुपैयाँ वरिपरि सीमित छ ।



यसको तुलनामा खर्च भने तीव्र रूपमा बढिरहेको छ । पछिल्लो समय दैनिक ७० हजारभन्दा बढी विमितले स्वास्थ्य बिमा मार्फत उपचार सेवा लिने गरेका छन् । यसका कारण अस्पतालहरूले मासिक २ देखि साढे २ अर्ब रुपैयाँसम्मको दाबी स्वास्थ्य बिमा बोर्डमा पेश गरिरहेका छन् । यही अवस्था कायम रहे वार्षिक २५ देखि ३० अर्ब रुपैयाँसम्मको दायित्व सिर्जना हुने अनुमान गरिएको छ ।

स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेका अनुसार स्रोत अभावका कारण अस्पताललाई समयमै भुक्तानी दिन समस्या भइरहेको छ । उपचार लिने विमितको संख्या बढ्दै गएसँगै बोर्डको आर्थिक दायित्व पनि बढ्दै गएको उनको भनाइ छ ।

पछिल्लो आठ वर्षमा विमित हुनेको संख्या उल्लेखनीय रूपमा बढेको छ भने बिमा छोड्नेको दर घट्दै गएको छ । नागरिकमा स्वास्थ्य बिमाप्रति विश्वास र चासो बढेकै कारण उपचार लिनेको संख्या पनि निरन्तर बढिरहेको बोर्डले जनाएको छ ।

स्रोत अभाव कम गर्न बोर्डले प्रिमियम वृद्धि, सक्ने वर्गबाट बढी प्रिमियम संकलन, स्वास्थ्य बिमालाई अनिवार्य बनाउने तथा सरकारी कर्मचारी, जनप्रतिनिधि र संगठित संस्थाका कर्मचारीलाई अनिवार्य रूपमा बिमाको दायरामा ल्याउने विकल्प अघि सारेको छ । छरिएका सामाजिक सुरक्षा कार्यक्रमलाई एउटै छातामुनि ल्याउन सके ठूलो रकम बचत हुन सक्ने बोर्डको बुझाइ छ । त्यस्तै, चुरोट र रक्सीबाट उठ्ने करको निश्चित हिस्सा स्वास्थ्य बिमा कोषमा छुट्याउने व्यवस्था गरे स्रोत व्यवस्थापनमा सहयोग पुग्ने बताइएको छ ।

स्वास्थ्य बिमा बोर्डमा आवश्यक जनशक्ति अभाव पनि चुनौतीका रूपमा देखिएको छ । स्थायी दरबन्दी स्वीकृत नहुँदा बोर्ड लामो समयदेखि करार कर्मचारीका भरमा सञ्चालन हुँदै आएको छ, जसले सेवा प्रवाहमा असर पर्ने जोखिम रहेको बोर्डले जनाएको छ ।

स्वास्थ्य बिमाप्रति आम नागरिकको पहुँच र सहभागिता बढ्दै गए पनि स्रोत र व्यवस्थापनको खाडल गहिरिँदै गएको देखिन्छ । कार्यक्रमलाई दीगो बनाउन अब राज्यले नीति, कानुन र बजेटका विषयमा समयमै स्पष्ट निर्णय लिनुपर्ने देखिएको छ ।

# स्थानीयको मन जित्दै छाया विशेषज्ञ अस्पताल

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १ माघ

विकट जिल्ला भनेर चिनिने अर्घाखाँचीमा अत्याधुनिक सेवासहित सञ्चालनमा आएको छाया विशेषज्ञ अस्पतालले स्थानीय बिरामीको मन जित्न सफल भएको छ । सन्धिखर्क नगरपालिका-१ शान्ति बगैचामुनि रहेको २४ बेडको छाया विशेषज्ञ अस्पताल प्रालि सञ्चालनमा आएपछि जिल्लावासी उपचारका लागि बाहिर जानुपर्ने बाध्यता घटेको छ ।

अस्पताल सञ्चालनमा आएपछि सामान्यदेखि जटिल रोगसम्मको उपचार जिल्लामै सम्भव भएपछि स्थानीय बासिन्दा लाभान्वित भएका छन् । सन्धिखर्कमै अत्याधुनिक सेवा उपलब्ध भएपछि उपचारका लागि बुटवल, काठमाडौं तथा अन्य शहर धाउनुपर्ने समस्या हटेको स्थानीय नारायण भट्टराईले बताए । अस्पतालका फिजिसियन तथा वरिष्ठ मुटु रोग विशेषज्ञ डा.प्रदीप जंग केसीका अनुसार अर्घाखाँचीमा शल्यक्रियासहितको सुविधा नहुँदा सामान्य रोगका बिरामीसमेत बाहिर जानुपर्ने अवस्था थियो । यही समस्यालाई मध्यनजर गर्दै करिब चार वर्षअघि अस्पताल सञ्चालन गरिएको र हाल सिटी स्क्यान सेवा समेत उपलब्ध गराइएको उनले जानकारी दिए ।

अस्पतालका अध्यक्ष तथा वरिष्ठ समाजसेवी दलबहादुर केसीका अनुसार अस्पतालमा फिजिसियन सेवा, मुटु रोग सेवा, महिला तथा प्रसूति रोग सेवा, स्त्री रोग सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, सिटी स्क्यान, ईसीजी र सर्जरी सेवासहितका सुविधा उपलब्ध छन् ।



अस्पतालमा एपेन्डिसाइटिस, सिजेरियन सेक्शन, इक्टोपिक सिएसजस्ता शल्यक्रिया गर्न सकिने कन्सल्टेन्ट डाक्टर नीता श्रेष्ठले बताए । जटिल सुत्केरीको सफल शल्यक्रिया समेत अस्पतालबाट नियमित रूपमा हुँदै आएको उनको भनाइ छ ।

बुटवलमा बसेर लामो समय बिरामीको उपचार गर्दै आएकी डा.श्रेष्ठ आफ्नै जिल्लामा सेवा गर्ने उद्देश्यले चार वर्षअघि अर्घाखाँची आएर अस्पताल सञ्चालनमा संलग्न भएको अस्पताल प्रशासनले जनाएको छ ।

सामान्य रोग लाग्दा पनि उपचारका लागि बुटवल, पाल्पा, चितवन र काठमाडौं जानुपर्ने बाध्यता रहेको अर्घाखाँचीमा छाया अस्पतालले निरन्तर विशेषज्ञ सेवा दिन थालेपछि जिल्लावासी खुसी भएका छन् ।

सन्धिखर्कमै सुविधा सम्पन्न अस्पताल सञ्चालनमा आएपछि अर्घाखाँचीका साथै छिमेकी जिल्ला गुल्मी, प्युठान र पाल्पाबाट समेत बिरामी उपचारका लागि आउने गरेका छन् । विशेषगरी सिटी स्क्यान सेवा लिन ती जिल्लाबाट बिरामी आउने क्रम बढ्दै गएको अस्पतालले जनाएको छ ।

## सम्पादकीय

# निर्वाचन सुरक्षामा ध्यान देऊ

जेनजी आन्दोलनपछिको संक्रमणकालबाट मुलुकलाई बाहिर निकाल्न तोकिएकै मितिमा निर्वाचन गर्न सरकार, दलहरू र निर्वाचन आयोग जुटेका छन् । समानुपातिक बन्दसूची बुझाएर दलहरू आउँदो साता प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गराउँदै छन् । यसले मुलुक चुनावमय बन्दै गएको छ । चुनावी सरगर्मीले छोइसक्दा पनि निर्वाचन सुरक्षाको चिन्ता भने हटिसकेको छैन । आन्दोलनका क्रममा लुटिएकामध्ये प्रहरीले अझै ५ सय धेरै हतियार नियन्त्रणमा लिन सकेको छैन । त्यस्तै, जेलबाट भागेका अपराधिक पृष्ठभूमिका झन्डै ४ हजार कैदी पनि बाहिरै छन् । यस्तोमा स्थितिमा उच्च सुरक्षा संवेदनशील निर्वाचन केन्द्रको संख्या बढेको छ । तर सुखद पक्ष के छ भने राष्ट्रिय राजनीतिका मुख्य सरोकारवाला पक्षहरू २१ फागुनको चुनावका लागि तयार भएका छन् । नवयुवा पुस्ताको आन्दोलन र त्यसैमा भएको घुसपैठले निम्त्याएको विध्वंसपछि मुलुक कठिन परिस्थितिमा पुग्यो । यो स्थितिबाट सामान्य अवस्थामा फर्किन सरकारले प्रतिनिधि सभाको निर्वाचन गराएर वैधानिक र निर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नुपर्छ । त्यो नै संविधानलाई ट्र्याकमा फर्काउने सही विधि हो । त्यसो गर्न नसके संक्रमणकाल लम्बिनुका साथै अस्थिरता र अराजकता बढ्दै जानेछ ।

अहिलेको समस्याको समाधान निर्वाचन हुनु मात्रै पर्याप्त छैन । निर्वाचन पूर्ण रूपमा सुरक्षित, भयरहित, शान्तिपूर्ण र धाँधलीरहित हुनु अनिवार्य छ । कथंकदाचित निर्वाचनको विश्वसनीयता गुम्यो भने ताजा जनमतप्रति पनि प्रश्न उठ्नेछ । आमनागरिकले चाहेको प्रतिनिधि सहज रूपमा चयन गर्न पाउनुपर्छ । त्यसका लागि सुरक्षा पहिलो सर्त हो । प्रहरी प्रशासनले लुटिएका हतियार र भागेका कैदीका कारणले निर्वाचन सुरक्षामा असर नपर्ने दाबी गरिरहेको छ । तर सुरक्षा प्रतिबद्धता मात्र नभई अनुभूतिको कुरा हो । केही दिनभित्रै दलहरू चुनावी अभियानमा लाग्नेछन् । पुराना र नयाँ शक्तिबीचको वैचारिक संघर्षले तनाव निम्त्याउन पनि सक्छ । त्यो स्थितिको मसिनो मूल्यांकन गरेर तीनवटै सुरक्षा अंगले आवश्यक रणनीति र योजना बनाउनुपर्छ । हिंसा सुरक्षा संयन्त्र चुक्दा कुन तहको दुर्घटना हुन्छ भन्ने ताजा दृष्टान्त २३ भदौको आन्दोलन र लगत्तैको विध्वंस छँदै छ । यस्तो अवस्थामा सरकार, सुरक्षा निकाय र निर्वाचन आयोग तीनै पक्षले थप गम्भीरता देखाउन जरूरी छ । फरार कैदी र लुटिएका हतियारको खोजीलाई नियमित प्रक्रियामै सीमित नराखी निर्वाचनसँग जोडिएको विशेष सुरक्षा अभियानका रूपमा अघि बढाउनुपर्छ । संवेदनशील क्षेत्रको पुनः मूल्यांकन गर्दै सुरक्षा व्यवस्था थप कडा बनाउनुपर्छ । निर्वाचन आयोगले पनि वास्तविक सुरक्षा अवस्था नागरिकसमक्ष स्पष्ट पार्दै मतदाताको भरोसा जित्ने पहल गर्नुपर्छ । निर्वाचन लोकतन्त्रको उत्सव हो । यही बाटोले मात्रै अहिलेको संक्रमणको अन्त्य, संविधानको रक्षा र देशमा स्थायित्व स्थापित गर्न सक्छ ।

# विचार र नेतृत्वमा खोजिएको नयाँपन

*नयाँ विचार र नयाँ उम्मेदवारको उदय स्वतः सम्भव हुँदैन । यसका लागि नागरिकको भूमिकामा पनि परिवर्तन आवश्यक छ ।*
*विगतको संस्कृतिबाट माथि उठेर दक्ष, इमानदार र कुशल कार्य क्षमता भएकालाई जनप्रतिनिधिका रूपमा प्राथमिकता दिनुपर्ने समय आएको छ ।*

**अग्रलेख**



● रामेश्वर भण्डारी

नेपालको इतिहासमा राजनीतिक यात्रा लामो संघर्ष, आन्दोलन र परिवर्तनबाट गुज्रँदै यहाँसम्म आइपुगेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि सुशासन, समृद्धि र सामाजिक न्यायप्रतिको अपेक्षा जनतामा झनै तीव्र भएको छ । तर विडम्बना, पद्धतिको रूपमा राजनीतिक स्थिरता र लोकतान्त्रिक पद्धति हुँदाहुँदै पनि जनताले चाहेजस्तो परिणाम अझै अनुभूत गर्न सकेका छैनन् । यही पृष्ठभूमिमा नेपाली राजनीतिमा नयाँ विचार र नयाँ उम्मेदवारको आवश्यकता अब बहसको विषय मात्र होइन, समयको अनिवार्य माग बनेको छ ।

विगतदेखि नै नेपाली राजनीति सीमित व्यक्ति र उही शैलीको सोच वरिपरि घुमिरहेको छ । दलका नाम, चुनावी घोषणापत्र र केही नाराहरू फेरिए पनि नेतृत्वको चरित्र, शासन गर्ने तरिका र शक्ति अनि न्यायको ढाँचा उस्तै रहँदै आएको देखिन्छ । राजनीति जनताको सेवा गर्ने माध्यमभन्दा पनि सत्ताको प्रतिस्पर्धात्मक खेल बनेको तथ्य घाम जत्तिकै छर्लङ्ग छ । जसकारण नागरिकमा निराशा बढेको हो ।

यस्तो अवस्थामा नयाँ विचार भन्नाले केवल पुरानै एजेन्डालाई नयाँ शब्दमा प्रस्तुत गर्ने विषय होइन । शासन प्रणालीलाई पारदर्शी बनाउने, नीति निर्माणलाई तथ्यमा आधारित बनाउने र राजनीतिलाई व्यक्ति केन्द्रित नभई संस्थागत बनाउने सोच अत्यावश्यक भएको छ । साथै, समावेशिता, जबाफदेहिता र कार्यसम्पादनको विधिलाई राजनीतिक संस्कारको हिस्सा बनाउनुपर्छ भन्ने जनताको भावना छ । नयाँ विचारको मूल मर्म यही पनि हो ।

नयाँ विचारसँगै नयाँ उम्मेदवारको प्रवेश पनि उत्तिकै महत्वपूर्ण विषय हो । नयाँ उम्मेदवार उमेरले मात्र युवा हुन्छ भन्ने होइन । यस्ता युवा सोचले आधुनिक, दृष्टिले दीर्घकालीन भिजन भएको र आचरणले स्वच्छ हुनै पर्छ । समाजका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान दिएका दक्ष, इमानदार र नीतिनिष्ठ व्यक्तिहरू जस्तो वकिल, शिक्षक, पत्रकार, कूटनीतिज्ञ, समाजसेवी आदिको राजनीतिमा सहभागिताले लोकतन्त्रलाई जीवन्त बनाउँछ । यसले राजनीतिमा स्वस्थ प्रतिस्पर्धा सिर्जना गर्नका साथै पुराना राजनीतिक शक्तिलाई समेत आत्म समीक्षा गर्न बाध्य पार्छ ।

तर नयाँ विचार र नयाँ उम्मेदवारको उदय स्वतः सम्भव हुँदैन । यसका लागि नागरिकको भूमिकामा पनि परिवर्तन आवश्यक छ । क्षेत्र, भावना र क्षणिक प्रभावमा आधारित मतदान संस्कृतिबाट माथि उठेर दक्ष, इमानदार र कुशल कार्य क्षमता भएकालाई जनप्रतिनिधिको रूपमा प्राथमिकता दिनुपर्ने समय आएको छ । चुनावको बेला मात्र सक्रिय हुने मात्र होइन, सधैँ नेतृत्वलाई प्रश्न गर्ने, सही मूल्यांकन गर्ने र आफ्नो नेतृत्वलाई जनताप्रति जबाफदेही बनाउने एक्काइसौँ शताब्दीको नागरिक चेतनाबिना राजनीतिक सुधार सम्भव छैन र हुँदैन पनि ।

नेपाली राजनीति आज एउटा निर्णायक मोडमा उभिएको छ । एकातिर पुरानै अभ्यासलाई निरन्तरता दिने सोच भएकाहरूको सक्रियताले असन्तुष्टिलाई बढाउने सम्भावना बढिरहेको छ । किनकि उनीहरूमा सुधारको संकेत देखिएको छैन । अर्कोतिर नयाँ विचार र नयाँ सोचाइका नयाँ उम्मेदवारलाई अवसरको बाटो खुल्ला भएको छ । अब आशा र सम्भावनाको ढोका पनि खुल्ला भएको छ । इतिहासले सधैँ एउटा गम्भीर सन्देश दिएको छ- युगीन महत्वको राजनीतिक परिवर्तन तब मात्र सम्भव हुन्छ, जब समाजले नयाँ सोच, नयाँ विचार अनि लोकतान्त्रिक संस्कृतिलाई स्वीकार गर्ने साहस गर्छ । आगामी चुनाव केवल सत्ता परिवर्तनको प्रतिस्पर्धाको मात्र होइन, पुस्तान्तरणको परीक्षा रूपमा पनि आउनेछ ।



विगतका चुनावहरूमा मौन देखिएको नयाँ पुस्ता यसपटक भने निर्णायक भूमिकामा उभिन थालेको संकेत स्पष्ट देखिन्छ । रोजगारीको अभाव, शिक्षा र स्वास्थ्यको असमान पहुँच, भ्रष्टाचारप्रति बढ्दो वितृष्णा र डिजिटल युगसँगै हुर्किएको नूतन तन्नेरी चेतनाले युवाहरूलाई अब दर्शक, मतदाता मात्र बनाउँदैन, राजनीतिको निर्णायक नै बनाउने स्थिति छ ।

नयाँ पुस्ताका युवाहरू पुराना राजनीतिक भाष्यभन्दा फरक सोच बोकेर मैदानमा छन् । उनीहरू नाराभन्दा नीति खोजिरहेका छन्, व्यक्तिभन्दा प्रणाली उत्कृष्ट चाहिन्छ भनेर प्रश्न उठाइरहेका छन् । सामाजिक सञ्जाल, चिया पसलदेखि चोक चौतारीहरूमा नयाँ विचार अनि नयाँ राजनीतिक सोचको पक्षमा सिर्जनात्मक बहस हुन थालेको छ । वैकल्पिक राजनीतिक वैचारिकीमार्फत युवाहरूले आफ्ना एजेन्डा सार्वजनिक गरिरहेका छन् । यसको असर राजनीतिक दल आबद्ध कार्यकर्तालाई मात्र होइन, दलहरूको कार्यशैली र उम्मेदवार चयन प्रक्रियालाई समेत पारेको छ ।

यस पटकको चुनावमा युवाहरूको भूमिका दुई तहमा देखिनेछ । पहिलो, मतदाताका रूपमा जहाँ सचेत मतदानमार्फत उनीहरूले पुरानो र नफेरिएको राजनीतिक संस्कार र पद्धतिलाई चुनौती दिनेछन् । दोस्रो, उम्मेदवार र अभियानकर्मीका रूपमा जहाँ नयाँ विचार, पारदर्शिता र जबाफदेहिताको माग संस्थागत गर्न खोजिनेछ । सेवा केन्द्रित र जनताप्रति लोकतान्त्रिक अनि उत्तरदायी राजनीति चाहिन्छ भन्ने सन्देश जेनजी आन्दोलनले पनि दिएकै हो ।

> **युवाहरू केवल आक्रोशमा सीमित नभई संगठित हुँदै दीर्घकालीन दृष्टिकोणसहित अघि बढे भने आगामी चुनाव नेपाली राजनीतिमा गुणात्मक परिवर्तनको आधार बन्न सक्छ ।**

युवाहरू केवल आक्रोशमा सीमित नभई संगठित हुँदै दीर्घकालीन दृष्टिकोणसहित अघि बढे भने आगामी चुनाव नेपाली राजनीतिमा गुणात्मक परिवर्तनको आधार बन्न सक्छ । नयाँ पुस्ताको सक्रिय सहभागिताले नै लोकतन्त्रलाई पुनर्जीवित गर्ने र राजनीतिलाई जनतासँग पुनः जोड्ने सम्भावनाको ढोका खोल्नेछ । अब प्रश्न युवाहरूको क्षमतामा होइन, उनीहरूले आफूलाई कति विश्वास गर्छन् भन्नेमा केन्द्रित भएको छ ।

दीर्घकालदेखि मौलाएको राजनीतिक निराशालाई नयाँ वैचारिक चेतना बोकेका युवाहरूले क्रमशः तोड्दै लैजान जरुरी छ । सत्ता केन्द्रित र व्यक्ति पूजामा आधारित राजनीतिबाट दिक्क भएको समाजलाई सीमित नभई विकल्प निर्माणतर्फ उन्मुख बनाउनुपर्छ । निराशालाई निष्क्रियतामा होइन, रचनात्मक हस्तक्षेपमा युवा सोच रूपान्तरण भएको छ । नागरिक अभियान, वैकल्पिक राजनीतिक क्षेत्र र स्वतन्त्र बहसमार्फत उनीहरूले पुराना संरचनालाई प्रश्न गरिरहेका छन् । यस अर्थमा, राजनीतिक निराशा अब अन्त्य हुनेछ र नयाँ वैचारिक यात्राको सुरुआत हुनेछ भन्ने हो । यो अहिलेको आवश्यकता हो ।

## इतिहासमा आज

१६ जनवरी २००१ मा अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले स्पेनी-अमेरिकी युद्धमा उनको सेवाको लागि पूर्व राष्ट्रपति थियोडोर रुजवेल्टलाई मरणोपरान्त सम्मान पदक प्रदान गरेका थिए ।




१६ जनवरी २००६ मा एलेन जोनसन सिरलिफले लाइबेरियाको नयाँ राष्ट्रपतिको रूपमा शपथग्रहण गरेक थिइन् । उनी अफ्रिकाको पहिलो महिला निर्वाचित राष्ट्रप्रमुख बनेकी थिइन् ।



१६ जनवरी २०१७ मा टर्किस एयरलाइन्सको उडान ६४९१ किर्गिस्तानको मानस अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा ३९ जनाको मृत्यु भएको थियो ।




१६ जनवरी २०१८ मा म्यानमार प्रहरीले जातीय राखाइन प्रदर्शनकारीहरूको समूहमाथि गोली चलाउँदा ७ जनाको मृत्यु भएको थियो भने १२ जना घाइते भएका थिए ।



# क्रान्तिकारीका लागि निर्वाचन

**विचार**



● लेखराज रेग्मी

> **आजको परिस्थितिमा प्रत्यक्ष निर्वाचनमा नजाँदै आफ्ना मुद्दाको सशक्त प्रचार गर्ने, उम्मेदवारहरूलाई नीति, प्रतिबद्धता र कार्यशैलीका सवालमा कठोर प्रश्न गर्ने, जनचेतनामूलक प्रतिवाद अपनाउनु र सम्भव भए 'नो भोट' को अभियान चलाउनु, कम जोखिमयुक्त व्यावहारिक कार्यनीति हुन सक्छ ।**

सुशीला कार्की नेतृत्वको वर्तमान सत्ताले आयोजना निर्वाचन र त्यसप्रति क्रान्तिकारी कार्यनीतिको प्रश्न आज पनि गम्भीर बहसको विषय बनेको छ । यसलाई बुझ्न ऐतिहासिक रूपमा अभ्यासमा आएका क्रान्तिकारी अनुभवहरूको समीक्षा आवश्यक हुन्छ ।

जर्मनीमा समाजवादीहरूको एउटा हिस्साले निर्वाचनमा भाग लिने उद्देश्यसहित सम्झौता गरी 'प्रगतिशील कार्यक्रम' पारित गराउन सफल भयो । तर कार्ल मार्क्सले त्यस कार्यक्रमका गम्भीर सैद्धान्तिक त्रुटिहरूको चिरफार गर्दै यसलाई गलत ठहर गर्नुभयो । यही आलोचना पछि गोथा कार्यक्रमको आलोचनाका रूपमा स्थापित भयो । यस कृतिले समाजवादको शास्त्रीय विवेचना मात्र होइन, निर्वाचन र सम्झौतामा जाँदा क्रान्तिकारीहरूले कति सतर्क हुनुपर्छ भन्ने गहिरो शिक्षा पनि दिन्छ ।

लेनिनले पहिलो र दोस्रो दुमा निर्वाचनमा बोल्शेभिकहरूले भाग लिनुपर्ने धारणा अघि सार्नुभयो । बोल्शेभिकहरूको सक्रिय भूमिकाकै कारण जारको कठपुतली दुमा प्रभावकारी बन्न सकेन । तेस्रो दुमा निर्वाचनमा लेनिन स्वयं सहभागी हुन चाहनुहुन्थेन, तर पार्टीले भाग लियो, जसले आन्तरिक विवाद जन्मायो । चौथो दुमा निर्वाचन बहिष्कार गराउन भने लेनिन सफल हुनुभयो । फरक विचार राख्नेहरूले उहाँलाई 'नीतिगत अस्थिरता'को आरोप लगाए, तर व्यवहारले नै उहाँको कार्यनीति सही सावित गर्‍यो ।

यसै बहसका क्रममा लेनिनले बहिष्कारलाई 'विद्रोहको एक रूप'का रूपमा व्याख्या गर्दै क्रान्तिकारी कार्यनीतिक लचकताको सिद्धान्त स्थापित गर्नुभयो । पटक-पटकका निर्वाचनबाट आजित जनताको मनोविज्ञान प्रत्यक्ष टकरावतर्फ उन्मुख हुँदै थियो । यद्यपि, आन्दोलन निर्णायक अवस्थामा नपुगेकाले बहिष्कारमार्फत जनतालाई विद्रोहका लागि मानसिक रूपमा तयार पार्न आवश्यक ठानियो । तर जनताको ध्यान अझै निर्वाचनमै रहेकाले, निर्वाचनसँगै जोडिएको फरक ढंगको राजनीतिक अभियानमार्फत चेतना बढाउने नीति पनि अवलम्बन गरियो । यसबाट के स्पष्ट हुन्छ भने निर्वाचन उपयोग वा बहिष्कार क्रान्तिकारी आन्दोलनको समग्र हित र ठोस परिस्थितिको मूल्यांकनका आधारमा तय गरिनुपर्छ । माओ त्सेतुङले भने चीन साम्राज्यवादी हस्तक्षेप र गृहयुद्धको अवस्थाबाट गुज्रिरहेको निष्कर्षसहित निर्वाचनलाई बेवास्ता गर्दै दीर्घकालीन जनयुद्धलाई मुख्य कार्यनीति बनाउनुभयो । यसले देखाउँछ कि एउटै कार्यनीति सबै देश र कालखण्डमा लागू हुँदैन ।

यी ऐतिहासिक अनुभवहरूले केही स्पष्ट निष्कर्ष दिन्छ, निर्वाचनमा भाग लिनु वा बहिष्कार गर्नु आफैंमा क्रान्तिकारी हुनु वा नहुनुको मापदण्ड होइन, निर्वाचनमा भाग नलिनु सधैं औपचारिक बहिष्कार मात्र हुँदैन, निर्वाचन उपयोग वा बहिष्कार दीर्घकालीन रणनीति होइन, विशुद्ध कार्यनीतिक प्रश्न हो ।

नेपालको सन्दर्भमा पनि यस्ता विविध अनुभवहरू छन् । पुष्पलालको नेतृत्वदेखि विभिन्न कालखण्डमा कम्युनिस्टहरूले स्थानीय निर्वाचन लडेका, जितेका र जनतामा सकारात्मक प्रभाव पारेका उदाहरणहरू प्रशस्त छन् । जनमत संग्रहपछि चौथो महाधिवेशन र पार्टी विभाजनपश्चात् मसालले जनाधार भएका क्षेत्रमा पहिचान लुकाएर उम्मेदवारी दिने वा प्रगतिशील उम्मेदवारलाई जिताउने भित्री पहल गरेको पाइन्छ ।

मशाल र मालेले गरेका अभ्यास, केन्द्रिय नारामा बहिष्कार हुँदाहुँदै थवाङमा भएको स्थानीय निर्वाचन, दाङलगायत जिल्लामा 'पेनेट्रेशन पोलिसी' अन्तर्गत स्थानीय तहमा गरिएको काम, तथा रूपचन्द्र विष्टले पञ्चायत निर्वाचनको उपयोग गरेको प्रसंग निर्वाचन उपयोगले कतिपय अवस्थामा पार्टी काम विस्तार र जनसमर्थन बढाएको देखाउँछन् ।

तर निर्वाचनमा सहभागी भएपछि प्रतिक्रियावादी व्यवस्थाकै अंग बनेका नकारात्मक उदाहरणहरू पनि कम छैनन् । त्यसैले निर्वाचनमा भाग लिनु दक्षिणपन्थी हुनु होइन र बहिष्कार गर्नु क्रान्तिकारी हुनुको लाइसेन्स पनि होइन भन्ने कुरा इतिहासले पुष्टि गरिसकेको छ । बहिष्कारको नाममा प्रतिक्रियावादीसँग साँठगाँठ गरी प्रगतिशील उम्मेदवारलाई हराइँदा खुशी मनाउने प्रवृत्ति पनि उत्तिकै गलत छ ।

यसकारण मूल रणनीतिको सेवा नगर्ने निर्वाचन उपयोग वा बहिष्कार दुवै भड्काव मात्र हुन् । कार्यक्रम, नीति र सिद्धान्तबाट विचलित हुने निर्णय नै रणनीतिक पतनको संकेत हो । आजको परिस्थितिमा प्रत्यक्ष निर्वाचनमा नजाँदै आफ्ना मुद्दाको सशक्त प्रचार गर्नु, उम्मेदवारहरूलाई नीति, प्रतिबद्धता र कार्यशैलीका सवालमा कठोर प्रश्न गर्नु, जनचेतनामूलक प्रतिवाद अपनाउनु र सम्भव भए 'नो भोट' को अभियान चलाउनु, कम जोखिमयुक्त व्यवहारिक कार्यनीति हुन सक्छ ।

स्पष्ट कार्यक्रम र प्रतिबद्धता बिना 'जित्न-जिताउन जो-सुकैसँग मोलतोल गर्ने' प्रवृत्ति गोथा कार्यक्रमकै पुनरावृत्ति वा त्योभन्दा पनि लज्जास्पद प्रहसन मात्र हुन्छ । साना वा ठूला, आफूलाई क्रान्तिकारी वा कम्युनिस्ट भन्ने सबै शक्ति र समूहहरूले आजको देश-काल-स्थितिमा यथार्थपरक, सैद्धान्तिक रूपमा स्पष्ट र जनमुखी कार्यनीति अवलम्बन गर्नु अपरिहार्य देखिन्छ ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

'जे हुन्छ, राम्रोको लागि नै हुन्छ' भनेर नेपाली राजनैतिक इतिहास र कांग्रेसको विरासतलाई 'सिर्जनात्मक विनिर्माण' गर्नुबाहेक अर्को विकल्प छैन । र, 'सिर्जनात्मक विनिर्माण'मा नचाहिँदो बोझ बोकेर बिस्तारै घिस्रिनुभन्दा बोझ फालेर फटाफट हिँड्नु बुद्धिमानी हुन्छ । आजको मुलुकलाई घिस्रिने कांग्रेस होइन, गगन थापा र विश्वप्रकाश शर्माको गतिसँगै हिँड्न सक्ने कांग्रेस चाहिएको हो ।




**डम्बर खतिवडा**

आन्दोलन, विद्रोह र क्रान्तिपछि 'सेटलमेन्ट' जरुरी पर्छ । माग-मुद्दाको सम्बोधन, कानुनी संवैधानिक सुधार हुनुपर्छ । राष्ट्रको मानसिकता र नयाँ मार्गदर्शन प्रस्ट हुनपर्छ । केही नगरी छोटो समयमा रामचन्द्र-सुशीलाले जसरी देशलाई हतारको चुनावमा होम्ने खोजे, परिणाम राम्रो होला जस्तो छैन ।



**तारानाथ दाहाल**

जेनजीहरूले सरकारसँग गरेको सम्झौता कता हरायो ? कसैले खोज्दैन । के त्यो लाज छोप्ने खास्टो मात्रै थियो ? खोइ संविधान सुधार, खोइ सुशासन योजना, खोइ विदेशबाट मतदान, खोइ जेनजी काउन्सिल, खोलाले बगायो ! भदौ २३ को डिजिटल स्वतन्त्रता र सुशासनका मागअनुसारका कानुनका मस्यौदा खै ? सत्ताले सबै खायो !



**नारायण वाग्ले**

रास्वपाले 'भूराजनीति' भन्दै समानुपातिक सूचीमा रहेकी हिमाली अभियन्ता टासी ल्हाजोमको नाम समानुपातिकको बन्द सूचीबाट हटाएको हो भने सिम क्षेत्रका नेपालीमाथि यो अर्को अन्याय हो । अज्ञात विदेशीसामु नयाँ पार्टीको पनि लाचारी हो !

# सुनसरीमा ट्रक दुर्घटना हुँदा ५ मजदुरको मृत्यु

## विराटनगर र बर्जुमा प्रदर्शन

**तेज बन/मध्यान्ह**
सुनसरी, १ माघ

हुलाकी राजमार्ग अन्तर्गत सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-८ सोनियाहीमा बिहीबार बिहान मार्वल बोकेको ट्रक पल्टिदा पाँच जनाको मृत्यु भएको छ। उक्त घटनालाई लिएर मोरङको विराटनगर बिहीबार दिनभर तनावग्रस्त बनेको छ। विराटनगरबाट हुलाकी राजमार्ग हुँदै राजविराज जाँदै गरेको को १ ख ४५४१ नम्बरको ट्रक अनियन्त्रित भइ सडकमा पल्टिँदा घटनास्थलमै ५ कामदारको मृत्यु भएको हो। दुर्घटनामा अन्य दुईजना घाइते भएका छन्। दुर्घटनामा मृत्यु हुनेहरू पाँचैजना बर्जु गाउँपालिकाका हुन्। दुर्घटनामा ट्रकभित्र लोड गरिएको मार्वलले किचेर पाँच जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायव उपरीक्षक (डिएसपी)चन्द्र



खड्काले मध्यान्हलाई जानकारी दिए।

दुर्घटनामा ज्यान गुमाउनेमा ३२ वर्षीय धिरेन्द्र गुरुङ, ५५ वर्षीय बर्मदेश गुरुङ, ५० वर्षीय टंक गुरुङ र २८ वर्षीय निशु गुरुङ र ५५ वर्षीय चन्द्रबहादुर गुरुङ रहेका छन्। ज्यान गुमाउने सबै बर्जु गाउँपालिका वडा नं १ का हुन्। घटनापछि मोरङको विराटनगर तनावग्रस्त बनेको छ भने सुनसरीको बर्जु गाउँपालिका शोकमग्न बनेको छ। यसैबीच सुनसरीको बर्जुमा पनि स्थानीयले सडक अवरूद्ध गरेका छन्।

दुर्घटनापछि आक्रोशित स्थानीयले सुनसरीको बर्जुमा टायर बालेर सडक अवरुद्ध गरेका हुन्। उनीहरूले शुक्रबारे चोकमा बिहीबार टायर बालेर प्रदर्शन गरेका थिए भने यातायात सेवा ठप्प पारेका थिए।

मृतकका परिवारलाई क्षतिपूर्ति र दोषी चालकलाई कडा कारबाही गर्नुपर्ने उनीहरुको माग छ। ट्रक चालक सुनसरीको दुहबी नगरपालिका-३ का अन्दाजी २८ वर्षीय विरेन्द्र कुमार विश्वास दुर्घटनापछि फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# 'निर्वाचनमा प्रविधिको प्रयोगप्रति आयोग संवेदनशील'



**काठमाडौं/मस-** कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगप्रति आयोग संवेनशील रहेको बताएका छन्।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा आयोगका कम्प्युटर अपरेटरका लागि बिहीबारदेखि काठमाडौंमा सुरु भएको एकीकृत निर्वाचन व्यवस्थापन सूचना प्रणाली एवं साइबर सुरक्षासम्बन्धी तालिमको उद्घाटन गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सूचना प्रविधिमार्फत गत भदौ २३ र २४ गते भएको विद्रोहपछि आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएकाले यस निर्वाचनमा प्रविधिको प्रयोगप्रति संवेनशील रहेको बताए।

निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन गर्ने कार्य बन्द गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत संशोधन गरिएपछि आयोगले यसपटक राष्ट्रिय परिचयपत्र प्रणालीसँग आयोगको मतदाता नामावली संकलन गर्ने प्रणाली एकीकृत गरी सहज ढंगबाट मतदाता नामावली संकलन गर्न सफल भएको उनले बताए। सूचना प्रविधिमार्फत फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणास्पद अभिव्यक्ति न्यूनीकरणका लागि आयोगको सूचना प्रविधिमा कार्यरत सम्पूर्ण कर्मचारीको भूमिका महत्वपूर्ण हुने कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए।

निर्वाचन आचारसंहिता पूर्ण पालना, प्रचारप्रसार एवं मतदाता शिक्षा जनस्तरसम्म पुऱ्याउन सूचना प्रविधिको भूमिका महत्वपूर्ण हुने बताउँदै उनले आयोगमा कार्यरत दक्ष जनशक्तिले यसको सकारात्मक प्रयोगलाई प्रवर्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गरे।

आयोगले सूचनाप्रविधिको प्रयोग गर्दै मतदाता नामावली दर्ता, मतदाता नामावली व्यवस्थापन, इभेन्ट ट्याकिङ सिस्टम, उम्मेदवारको खर्च व्यवस्थापन प्रणाली, अब्जर्भर व्यवस्थापन, उम्मेदवारको मनोनयपत्र दर्तादेखि निर्वाचनको परिणाम घोषणासम्म कार्य गर्दै आइरहेको छ। यसैगरी बाह्य जिल्ला मतदाता नामावली दर्ता, प्रि इनरोलमेन्ट एवं राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्धता गरेर आयोगले मतदाता नामावली संकलन गर्ने कार्यलाई सहज र पहुँचयोग्य बनाएको छ।

# 'सामुदायिक विद्यालयको गुणस्तर सुधार्न सबै पक्षबीच समन्वय आवश्यक'



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १ माघ

रौतहटको यमुनामाई गाउँपालिका-४ स्थित सरुअठामा रहेको श्री जनता माध्यमिक विद्यालयले आफ्नो ७७औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न गरेको छ। विद्यालय प्राङ्गणमा आयोजित कार्यक्रमको उद्घाटन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रंजित रामले दीप प्रज्वलन गरी गरेका थिए।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षाप्रेमी, अभिभावक तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षामा उत्कृष्ट स्थान हासिल गर्ने १ सय ५० जना विद्यार्थीलाई मेडल, प्रमाणपत्र, स्टेशनरी सामग्री, भेष्ट तथा कप प्रदान गरी सम्मान गरिएको थियो। वार्षिकोत्सवको अवसरमा यसअघि आयोजित खेलकुद, वक्तृत्वकला र हाजिरीजवाफ प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरूले नेपाली लोकसंस्कृति झल्काउने विभिन्न नृत्य, गीत तथा नाटक प्रस्तुत गरी उपस्थित अतिथि र अभिभावकहरूलाई मनोरञ्जन गराएका थिए।

विद्यालयका प्रधानाध्यापक उपेन्द्र यादवले विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै आगामी वर्षका योजना र लक्ष्यबारे जानकारी गराए। उनले विद्यालयको गुणस्तर अभिवृद्धिका लागि सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिए। कार्यक्रमका प्रमुख अतिथि तथा वडा नं. ४ का वडाध्यक्ष अश्विनी यादवले मन्तव्य राख्दै ७७ वर्ष लामो इतिहास बोकेको यस विद्यालयले क्षेत्रको शैक्षिक विकासमा पुऱ्याएको योगदान अतुलनीय रहेको बताए।

उनले सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय सरकार, विद्यालय व्यवस्थापन र अभिभावकबीच समन्वय अपरिहार्य रहेको उल्लेख गरे।

त्यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रंजित रामले विद्यालयको चौतर्फी विकासका लागि सहयोग गर्ने सम्पूर्ण चन्दादाता, शिक्षक, कर्मचारी र अभिभावकहरूलाई धन्यवाद ज्ञापन गरे। कार्यक्रममा अवकाशप्राप्त शिक्षकहरू तथा विद्यालय र समाजप्रति उल्लेखनीय योगदान पुऱ्याउने समाजसेवीहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

# सल्यानमा बाघको आतंक : एक सातामा तीन जनाको ज्यान गयो



**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १ माघ

मानिस र घरपालुवा चौपायामाथि लगातार आक्रमण गर्दै आएको संरक्षित वन्यजन्तु वन्यजन्तु जंगली पाटेबाघलाई नियन्त्रण गर्न वा आवश्यक परे मार्नसमेत आदेश जारी गरिएको छ। कालिमाटी गाउँपालिका-६ र ७ का घुँइयावारी क्षेत्र वरपर पछिल्लो एक सातामा बाघको आक्रमणबाट स्थानीय धनसरी रावत र चन्द्रबहादुर खप्तडी मगरसहित तीन जनाको ज्यान गएको छ। यस्तै, दुई वटा घरपालुवा पशु (गोरु र गाई) पनि बाघले आक्रमण गरी मारेको जनाइएको छ। लगातारका घटनापछि गाउँमा त्रासको वातावरण फैलिएको छ।

'बाघले मानिसलाई नै खोजेर आक्रमण गर्न थालेको छ, अब त घरबाहिर निस्कन पनि डर लाग्ने अवस्था छ,' स्थानीय बासिन्दा बताउँछन्। यही अवस्थालाई मध्यनजर गर्दै स्थानीय जनप्रतिनिधि र बासिन्दाले बाघ नियन्त्रणका लागि तत्काल पहल गर्न माग गरेका थिए।

डिभिजन वन कार्यालय, सल्यानका प्रमुख टेकबहादुर रावलले बाँके राष्ट्रिय निकुञ्जलाई पत्राचार गर्दै पाटेबाघलाई पक्रन वा आवश्यक परे मार्न जारी भएको आदेश कार्यान्वयनका लागि अनुरोध गरेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (पाँचौं संशोधन सहित) र नियमावलीअनुसार गठित सिफारिस समितिको सुझावका आधारमा उक्त निर्णय लिइएको हो।

यसैबीच, कालिमाटी गाउँपालिकाले बाघको आक्रमणबाट ज्यान गुमाएका दुई परिवारलाई राहत प्रदान गरेको छ। पुस २५ गते कालिमाटी-७ की ४२ वर्षीया धनसरी रावत र पुस २९ गते वडा नम्बर-६ हात्तीढुङ्गाका ६६ वर्षीय चन्द्रबहादुर खप्तडी मगरको बाघको आक्रमणमा ज्यान गएको थियो।

पीडित परिवारको घरमै पुगेर गाउँपालिका अध्यक्ष दानबहादुर केसीले शोक व्यक्त गर्दै पालिकाको तर्फबाट प्रति परिवार ५० हजार रुपैयाँ राहत उपलब्ध गराएका छन्।

उनले यस क्षेत्रका नागरिक अत्यन्तै पीडा र आक्रोशमा रहेको उल्लेख गर्दै सरोकारवाला निकायले छिटोभन्दा छिटो बाघको व्यवस्थापन, नियन्त्रण तथा आवश्यक परे 'सुट' गर्ने प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिए।

# मकर संक्रान्तिमा मिनी गोरखनाथ मन्दिरमा भक्तजनको भीड

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १ माघ

पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिका - २ गोपालपुरस्थित मिनी गोरखनाथ मन्दिरमा मकर संक्रान्तिको अवसरमा हजारौं श्रद्धालुहरूले दर्शन गरेका छन्।

बिहीबार बिहानैदेखि मन्दिर परिसरमा 'जय बाबा गोरखनाथ'को जयघोषले गुन्जायमान बनेको थियो। चिसो मौसमको प्रवाह नगरी नेपाल तथा भारतका विभिन्न स्थानबाट आएका भक्तजनहरू श्रद्धा र भक्तिभावसहित मन्दिर पुगेका थिए।

भक्तजनहरूले बाबा गुरु गोरखनाथलाई परम्परागत रूपमा खिचडी चढाउँदै आफ्नो परिवार,समाज,क्षेत्र र देशको सुख-समृद्धि, शान्ति तथा कल्याणको कामना गरेका थिए। सीमापारिबाट आएका भारतीय श्रद्धालुहरूको बाक्लो सहभागिताले मेलालाई अन्तर्राष्ट्रिय धार्मिक मेलाको स्वरूप दिएको थियो।

लुम्बिनी प्रदेशका सांसद बैजनाथ कलवारले पनि मन्दिरमा पुगेर विधिपूर्वक खिचडी चढाई बाबाको आशीर्वाद ग्रहण गरे। उनले मकर संक्रान्तिका दिन बाबा गोरखनाथलाई खिचडी अर्पण गर्ने परम्परा लामो समयदेखि चलिआएको उल्लेख गर्दै यस पर्वले नेपाल-भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै आएको बताए।

यस अवसरमा नेपालका नवलपरासी,त्रिवेणी धाम,बर्दघाट, बुटवल, भैरहवा, सुनवललगायत स्थान तथा भारतको ठुठीबारी,



रामनगर, बरगदवान र आसपासका दर्जनौं गाउँबाट श्रद्धालुहरू मन्दिर आएका थिए। मन्दिर परिसर तथा आसपास आयोजना गरिएको मेलामा झुला, रमाइलो राउन्ड, सर्कस र कुस्ती जस्ता मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गरिएका थिए, जसले बालबालिका र युवायुवतीलाई विशेष आकर्षण प्रदान गरेको थियो।

भीड व्यवस्थापन र शान्ति सुरक्षालाई ध्यानमा राख्दै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरू उच्च सतर्कताका साथ तैनाथ गरिएको थियो। सुरक्षाकर्मीहरूको सक्रियताका कारण मेला शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न भएको स्थानीयवासीहरूले बताएका छन्।

मिनी गोरखनाथ मन्दिर ६ नोभेम्बर २०१२ मा योगी आदित्यनाथद्वारा निर्माण गरिएको हो। मन्दिर स्थापना समारोहमा पूर्व राजा ज्ञानेन्द्र शाहको समेत सहभागिता रहेको थियो। गोरखनाथ परम्परासँग जोडिएको यस मन्दिरका गोरक्ष पीठाधीश्वरसमेत योगी आदित्यनाथ नै हुन्, जो हाल भारतको उत्तर प्रदेश राज्यका मुख्यमन्त्री पनि हुन्।

मन्दिर व्यवस्थापन समितिका अनुसार माघी (मकर) संक्रान्तिको अवसरमा यहाँ लाग्ने खिचडी मेला पछिल्ला करिब १४ वर्षदेखि निरन्तर रूपमा सञ्चालन हुँदै आएको छ। मन्दिर निर्माण तथा व्यवस्थापन समिति अध्यक्ष तथा पूर्व गृह राज्यमन्त्री देवेन्द्रराज कँडेल रहेका छन् भने मन्दिरका पुजारी राम सुरत वर्मा र मेला संयोजक किशोर खटिक रहेका छन्।

यस वर्ष अघिल्ला वर्षहरूको तुलनामा भक्तजनहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ। धार्मिक आस्था, परम्परा र सांस्कृतिक एकताको प्रतीकका रूपमा स्थापित हुँदै गएको यो खिचडी मेलाले गोरखनाथ परम्पराको महत्वलाई अझ उजागर गरेको स्थानीयहरूको भनाइ छ।

# जिराभवानीमा माघी खिचडी महोत्सव

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, १ माघ

पर्साको जिराभवानी गाउँपालिकामा माघी खिचडी महोत्सव-२६५० तथा सांस्कृतिक कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। जिराभवानी गाउँपालिकाको आयोजनामा जितपुरस्थित नावकाटोला चोकमा कार्यक्रम सम्पन्न भएको हो। वडा नं. ३ का वडाध्यक्ष सुरुज राय थारुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा मन्त्री चौधरीलाई ५१ किलोको फूलमालाले स्वागत गरिएको थियो।

महोत्सवमा थारु समुदायको परम्परागत पहिरन, पौराणिक कालदेखि प्रयोग हुँदै आएका



विभिन्न सामग्रीहरूको प्रदर्शन गरिएको थियो। साथै, थारु संस्कृतिअन्तर्गत लोप हुँदै गएका झमटा, घाटो लगायतका परम्परागत गीत तथा नृत्य प्रस्तुत गरिएका थिए। कार्यक्रमस्थलमा माछा, घोंगी, हाँसको मासु, परेवाको मासु, केकडा (गगटा) लगायतका परिकारका स्टलहरू राखिएका थिए, जसले महोत्सवलाई थप आकर्षक बनाएको थियो।

कार्यक्रममा जिराभवानी गाउँपालिका अध्यक्ष अनोज चौधरी, उपाध्यक्ष रेखा चौधरी, प्रमुख प्रशासकीय अधिकृत अमित गिरी, वडाध्यक्षहरू रामशरण खवास, महादेव महतो, दारा सिंह राउत, राजेश्वर दास थारु, कार्यपालिका सदस्य सरोज चौरसिया, नन्दकिशोर साह कानु लगायतको उल्लेखनीय सहभागिता रहेको थियो।

सांस्कृतिक कार्यक्रममा राष्ट्रिय थारु टिकटक स्टार मुस्कान चौधरी, गायक नेपाली निरहुवा, खेम चौधरी, अस्मिता चौधरी तथा स्थानीय विद्यालयका विद्यार्थीहरूले नृत्य तथा सांस्कृतिक प्रस्तुति दिएका थिए।

महोत्सवले थारु समुदायको भाषा, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकको भनाइ छ।


लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना**

**सूचना प्रकाशित मितिः २०८२/१०/०२**

लेटाङ नगरपालिका आ.व.२०८२/०८३ मा (Construction of Hostel Building in Shanti Bhagawati Ma.Bi.) का लागि २०८२/०८/१२ मा बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रूपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठे.नं. | कार्य विवरण | घटी कबोल गर्ने निर्माण व्यवसायीको नाम | ठेगाना | बोलपत्रमा कबोल रकम मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2082-83/04 | Construction of Hostel Building in Shanti Bhagwati Ma. Bi. | सुड्देले निर्माण सेवा | धरान-११, सुनसरी | ५६३५५७०।९१ |

प्रमुख प्रशासकीय अधिकृत

## सेन्सर बोर्डले ल्यायो नयाँ कार्यविधि

# अब फिल्ममा कैंची नचल्ने, वर्गीकरण गरिने

**काठमाडौं/मस–** केन्द्रीय चलचित्र जाँचपास समिति (फिल्म सेन्सर बोर्ड)ले चलचित्र सेन्सर प्रक्रियालाई नयाँ ढंगले अघि बढाउँदै 'चलचित्र जाँच तथा वर्गीकरण सम्बन्धी कार्यविधि २०८२' कार्यान्वयनमा ल्याएको छ । नयाँ कार्यविधिले फिल्म काटछाँट गर्ने अभ्यासभन्दा पनि दर्शकको उमेर समूहअनुसार वर्गीकरण प्रणालीलाई मुख्य आधार बनाएको छ ।



अब चलचित्र सेन्सर गर्दा कुन उमेर समूहका दर्शकले हेर्न मिल्ने भन्ने विषयलाई प्राथमिकतामा राखिनेछ । कार्यविधिको बुँदा नम्बर ५ मा चलचित्र वर्गीकरणसम्बन्धी व्यवस्था गरिएको छ । त्यसअनुसार चलचित्रको विषयवस्तु, संवाद, दृश्य, हिंसा, यौन तथा नग्नता, लागुपदार्थ प्रयोग, भाषा, कथाको सन्दर्भ र उद्देश्यसँगै बालबालिका तथा किशोर-किशोरीको मानसिक स्वास्थ्यमा पर्न सक्ने प्रभावलाई ध्यानमा राखेर उमेर समूह तोक्दै प्रमाणपत्र प्रदान गरिनेछ ।

उक्त बुँदाअन्तर्गत क, ख, ग र घ शीर्षकमा चलचित्रलाई फरक-फरक वर्गमा राखेर सार्वजनिक प्रदर्शनको अनुमति दिने व्यवस्था गरिएको छ ।

फिल्म सेन्सर बोर्डका सदस्य कुबेर गिरीका अनुसार चलचित्र सेन्सर प्रक्रियालाई व्यवस्थित, पारदर्शी र झन्झटमुक्त बनाउने उद्देश्यले नयाँ कार्यविधि ल्याइएको हो । उनका अनुसार हाल सेन्सर बोर्डमा अध्यक्षदेखि विज्ञ तथा सदस्यसम्म सबै नयाँ टिम रहेको र सेन्सर प्रक्रिया पनि नयाँ सोचअनुसार सञ्चालन भइरहेको छ ।

'हाम्रो टिम आएदेखि नै फिल्म सेन्सरलाई सहज बनाउने प्रयास गर्दै आएका छौं,' गिरीले भने, 'अब सेन्सरमा कैंची होइन, वर्गीकरणलाई जोड दिइन्छ ।' पछिल्लो समय कुनै पनि चलचित्रमा सेन्सर बोर्डले प्रत्यक्ष काटछाँट नगरेको उनको दाबी छ ।

उनका अनुसार निर्माता-निर्देशकलाई आफ्नो फिल्म कस्तो वर्गमा पर्छ भन्ने जानकारी स्क्रिप्ट चरणमै हुने गर्छ । तर कतिपय अवस्थामा फिल्मको प्रकृति अनुसारको प्रमाणपत्र नचाहेर फरक वर्गको सर्टिफिकेट माग्ने प्रवृत्ति देखिने गरेको गिरीले बताए । 'हामीले वर्गीकरण गर्छौं, तर कतिपय निर्माता आफैं दृश्य हटाएर ल्याउनुहुन्छ र पछि बाहिर गएर सेन्सरले काट्यो भनेर प्रचार गर्नुहुन्छ,' उनले भने ।

यसैबीच समितिले पुसदेखि लागू गरिएको 'चलचित्र जाँच सम्बन्धी कार्यविधि २०८२'को सातौं बुँदामा रहेको महोत्सव प्रदर्शनसम्बन्धी व्यवस्था समेत हटाएको छ । यसअघि उक्त कार्यविधिका केही प्रावधान विवादित बनेपछि नयाँ कार्यविधि ल्याइएको समितिको भनाइ छ ।

नयाँ कार्यविधिले सेल्फ सेन्सर (स्वयं जाँच) पद्धतिलाई पनि निरन्तरता दिएको छ । चलचित्रकर्मीलाई सेन्सर प्रक्रिया सहज बनाउन बोर्डले विशेष फारमको व्यवस्था गरेको छ, जसको प्रयोगबाट चलचित्रकर्मीले आफ्नो फिल्ममा देखिन सक्ने सम्भावित त्रुटि आफैं पहिचान गर्न सक्नेछन् ।

सेल्फ सेन्सर प्रणालीअन्तर्गत फिल्म बुझाउँदा सेन्सर प्रक्रिया सरल हुने, समयको बचत हुने र चलचित्रकर्मीले भोग्दै आएका अनावश्यक झन्झट कम हुने बोर्डको विश्वास छ । 'सेल्फ सेन्सर पद्धति अघि बढेपछि पछिल्लो समय फिल्म सेन्सर गर्न आउने निर्माता-निर्देशकले सहज महसुस गरिरहेका छन्,' गिरीले भने, 'यसले सेन्सर बोर्ड र चलचित्रकर्मी दुवैलाई अनावश्यक झन्झटबाट मुक्त गर्छ ।'

# 'गोबर गणेश', 'भाइरल गोर्खे' र 'मिरमिरे' प्रदर्शनमा

**काठमाडौं/मस–** माघेसंक्रान्तिको अवसर पारेर बिहीबारदेखि तीन नयाँ नेपाली चलचित्र 'गोबर गणेश', 'भाइरल गोर्खे' र 'मिरमिरे' नेपालभरका चलचित्र भवनमा प्रदर्शन भएको छ । माघेसंक्रान्तिलाई लक्षित गर्दै दिइने बिदालाई लक्षित गर्दै चलचित्रका निर्माता तथा निर्देशकले चलचित्रले दर्शकको साथ पाउने अपेक्षासहित चलचित्र प्रदर्शनमा ल्याएका हुन् । यी तीनै चलचित्र सामाजिक कथावस्तुमा आधारित छन् ।




चलचित्र 'भाइरल गोर्खे'को विषय सामाजिक सञ्जालसँग जोडेर तयार गरिएको छ । सामाजिक सञ्जालको बढ्दो दबदबाबीच 'भाइरल' बन्ने ध्याउन्नमा रहेकालाई चलचित्रले मनोरञ्जनसँगै सन्देश पनि दिने अभिनेता सौगात मल्लले बताए ।

उनले भने, 'चलचित्रको विषयवस्तु केवल टिकटकसँग जोडिएको भए सायद म अभिनय गर्थिन होला, तर त्यहाँ समाज र परिवेश जोडिएको छ, एउटा सामान्य व्यक्तिको भाइरल हुने लालस र त्यसले निम्त्याउने आरोहअबरोह चलचित्रमा समेटिएको छ, भाइरल हुन जति मेहनत गर्नुपर्छ, त्यति नै त्यहाँ टिकिरहन मिहिनेत गर्नुपर्छ, विद्यमान परिवेशमा दर्शकलाई आकर्षित गर्न चलचित्र सफल हुनेछ ।'

'भाइरल गोर्खे' चलचित्रको पटकथा पढेपछि सबै अभिनेता लोभिने जनाउँदै मनोरञ्जन प्रदान गर्ने समयसान्दर्भिक विषयवस्तु समेटिएको पाएपछि प्रस्ताव स्वीकार गरी चलचित्रमा जोडिएको उनले बताए । निगम श्रेष्ठको निर्देशनमा तयार भएको उक्त चलचित्रमा अभिनेता मल्लसँगै अभिनेत्री तथा पूर्वमिस नेपाल सृष्टि श्रेष्ठ, बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमलालगायतले अभिनय गरेका छन् ।

बिहीबारदेखि नै प्रदर्शन भएको चलचित्र 'मिरमिरे'मा बुबा र छोरीबीचको सम्बन्धको कथा देखाइएको छ । अभिनेता दयाहाङ राईले चलचित्रले सामाजिक विषयसँगै भावनात्मक सम्बन्धका विभिन्न पाटालाई समेटेको बताए । उनले भने, 'हामीले प्रचार सामग्रीमा चलचित्रको विषयलाई बिम्बका रूपमा प्रस्तुत गरेका छौं, यो विषयले हरेक बुवा र छोरीलाई छोइरहेको महसुस हुन्छ, हामी सबैले मेहनत गरेर दर्शकका लागि राम्रो चलचित्र ल्याउने प्रयास गरेका छौं ।'

उक्त चलचित्रका निर्देशक यम शेर्पाले विषयवस्तु नयाँ र मौलिक रहोस् भन्ने उद्देश्यले सबै कलाकारसँग समन्वय गरी छोटो समयमा चलचित्र तयार गरेको बताए । उनले भने, 'कथालाई पटकथामा रूपान्तरण गरेपछि ढिला गर्नु हुँदैन भन्ने लाग्यो, हामीले मेहनत गरेर फिल्म बनाउँछौं, तर हामीभन्दा अगाडि विदेशी चलचित्रमा यस्तै कथा देखियो भने नक्कल गरेको आरोप लाग्न सक्छ, त्यसैले यो कथालाई छिटो दर्शकमाझ पुऱ्याउनुपर्छ भन्ने लागेर निकै मेहनतका साथ काम गरेका हौं ।'

यार्सा फिल्म्सद्वारा निर्माण गरिएको 'मिरमिरे'मा माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, विमल यादव, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठलगायतका कलाकारले पनि अभिनय गरेका छन् ।

बिहीबारदेखि नै प्रदर्शन भएको चलचित्र 'गोबर गणेश'लाई 'बल्छी धुर्वे' का रूपमा चिनिएका कलाकार मरिचमान श्रेष्ठले निर्देशन गरेका छन् । उनकै मुख्य भूमिका रहेको उक्त चलचित्रमा आमालाई खुसी पार्ने सपना बोकेर गाउँको एक ठिटो सहरमा आएपछि हुने उतारचढाव देखाइएको छ । उक्त चलचित्रमा वर्षा शिवाकोटी, पूजन घिमिरे, सीतादेवी तिमल्सिना, पदम तामाङलगायतका कलाकारले अभिनय गरेका छन् ।

# एक्सन फिल्मबाट आकाशले कम्ब्याक गर्दै

**काठमाडौं/मस–** अभिनेता आकाश श्रेष्ठ करिब दुई वर्षपछि मुख्य भूमिकामा नेपाली फिल्ममा पुनः देखिने भएका छन् । लामो समयदेखि उपयुक्त कथाको खोजीमा रहेका आकाशले अन्ततः आफूलाई मन परेको स्क्रिप्ट फेला पारेका छन् र नयाँ एक्सनप्रधान फिल्ममा अनुबन्धित भएका छन् ।



आकाशले एक्सन जनरामा पहिचान बनाइसकेका निर्देशक रुपेश तामाङको नयाँ फिल्ममार्फत कमब्याक गर्न लागेका हुन् । 'जय शम्भु' र 'दान्भी' निर्देशन गरिसकेका तामाङको यो नयाँ परियोजना हालसम्म अनटाइटल अवस्थामा छ । माघे संक्रान्तिको अवसर पारेर बिहीबार अभिनेता आकाश र निर्माणपक्षबीच औपचारिक सम्झौता भएको हो ।

निर्देशक तामाङका अनुसार यो फिल्म शतप्रतिशत एक्सन जनरामा निर्माण हुनेछ । उनले आकाशलाई यसअघि दर्शकले नदेखेको फरक अवतारमा प्रस्तुत गर्ने तयारी भइरहेको बताए । 'यो पटक आकाशको भूमिकामा नयाँपन हुनेछ,' तामाङको भनाइ छ ।

फिल्मको कथा तथा पटकथा लेखक सुमन गजमेरले तयार पारेका हुन् । गजमेर यसअघि बाबु-छोरीको भावनात्मक कथामा आधारित फिल्म 'रंगी' लेखेर चर्चामा आएका थिए । निर्माण टोलीका अनुसार फिल्मको छायांकन आगामी फागुनको अन्त्यतिरबाट सुरु गर्ने लक्ष्य राखिएको छ ।

जुना फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्मको नाम, अन्य कलाकार तथा प्राविधिक टिमबारे जानकारी क्रमशः सार्वजनिक गरिने निर्माणपक्षले जनाएको छ ।

आकाश केही फिल्ममा केमियो भूमिका तथा थुप्रै म्युजिक भिडियोमा देखिए पनि उनी मुख्य नायकका रूपमा भने लामो समयदेखि पर्दाबाट टाढा थिए । राम्रो कथाको प्रतीक्षामा रहेको बताउँदै आएका आकाश अब भने नयाँ एक्सन प्रोजेक्टलाई लिएर उत्साहित देखिएका छन् । उनले दर्शकको प्रतीक्षा विशेष रहने विश्वास व्यक्त गरेका छन् ।दुई वर्षपछि हुने यो कमब्याकलाई आकाशको करियरको नयाँ मोडका रूपमा हेरिएको छ ।


## जिल्ला सभा सम्बन्धी सूचना

नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखा कार्य समितिको २०८२ पुस १६ गतेको बैठकको निर्णय अनुसार यस **जिल्ला शाखाको ४६ औं जिल्ला सभा** आगामी २०८२ साल माघ २४ गते शनिबारका दिन आह्वान गर्ने निर्णय भएको सभासदज्यूहरूमा जानकारी गराउँदछौं । सभा आयोजना गरिने स्थान र समयको सम्बन्धमा पछि पत्र मार्फत जानकारी गराउँदछौं ।

**मन्त्री**

**नेपाल रेडक्रस सोसाइटी**
काठमाडौं जिल्ला शाखा

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यावसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Dream & Guide System Pvt. Ltd.** **श्रम इजाजत पत्र नं. ६७१/०६३/०६४** मा कार्यरत निम्न कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | Anil Khadka | Documentation |
| २. | Sabita Kc Godaar | Manager |
| ३. | Pradeep Timilsina | Accountant |
| ४. | Roshni Ghale | PRO |
| ५. | Mohamad Azim Pathan | Marketing Director |
| ६. | Nurul Hod Shekh | Marketing Director |
| ७. | Roji Karki | Receptionist |
| ८. | Aruna Rai | PRO |
| ९. | Saroj Hussain | Marketing Director |

श्रम इजाजत नं. ६७१/०६३/०६४
**Dream & Guide System Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Tel.: 01-4356478, 4355307, 980-1666027
Email: info@dgsnepal.com, mobin@dgsnepal.com, website: www.dgsnepal.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०२**

**ग्रिनलाइन होलिडेज प्रा. लि.** को मिति २०८२/०८/२८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट ट्राभल सर्भिसेज प्रा. लि. (प्रा.लि नं. १७०८७४)** कायम गर्ने गरी मिति २०८२/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/०२**

**हिमालयन सोसल जर्नी ट्राभल प्रा. लि.** को मिति २०८२/०९/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोरा होलीडेज प्रा. लि. (प्रा.लि नं. १२०४४१/०७०/०७१)** कायम गर्ने गरी मिति २०८२/०९/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## मोटरसाईकल हराएको सूचना

मिति २०८२/०९/२६ गते अन्दाजी राती १०:०० बजेको समयमा का.जि.का.म.न.पा. धारापार्टी-३ पिपलमार्ग चक्रपथमा पार्किङ गरि राखेको बा.प्र ०२-०५९ प ८९१३ नम्बरको कालो रङको **Avanger 220 CR** मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनीः हुलास फिन्सर्भ हायर पर्चेज लि.**
**ऋणिको नामः आनन्द कार्की**
**च्यासिस नं.: MD2A22EXXSCM80575**
**इन्जीन नं.: PDXCSM06287**
**सम्पर्कः ९८०८८२७०८६**

**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Kanchanpur**

## Invitation for Bids (IFB) No. 06-IDOKAN/082/83

**Date of first publication: 2082-10-02 (16th Jan, 2026)**

1. Infrastructure Development Office, Kanchanpur invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount (Including VAT & PS) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| IDOKAN/W/ NCB/082/83-112 | Bhanuchok dekhi Bishnu mandir Hudai malash Jodne sadak Nirman Bhimdatta 03, Kanchanpur | NRs. 9,744,860.71 | 2,20,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-113 | Construction of Baijanath Mandir dekhi daksin Dekhadbhuli samma sadak laljhadi 05, kanchanpur | NRs. 2,437, 359.79 | 55,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-114 | Construction of Bhi na pa 18 Subhakamana Tole ra Laligurash Tole sadak Kalopatre, Bhimdatt-18, kanchanpur | NRs. 2,434,068.16 | 55,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-115 | Construction of Gangalal Tole ko ultakham Sadak Dekhi Baijanath Mandir hudai nahar ko tarsary no UL5L1/11 Sadak Cross samma Dubai Side Concrete Nali sahit Kalopatre Bhi na pa 19, Kanchanpur | NRs. 34,10,061.05 | 80,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-116 | Construction of Jagannath Tole dekhi Paschim International Public School Hudai Mamtaj Party Palace samma Dhal Sahit Kalopatre Sadak Bhi na pa 03, Kanchanpur | NRs. 2,438, 623.20 | 55,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-117 | Construction of Niglashaini Marga 02 Gandhanala ma culvert Nirman Bhi na pa 18, Kanchanpur | NRs. 2,915, 322.00 | 65,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-118 | Construction of Sangam tole Barpipal Chautari dekhi Dakshin jane dubai sadak kalopatre bhi na pa 10,Kanchanpur | Nrs. 2,436, 935.72 | 55,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-119 | Construction of Satya Aadarsha Tole ko Nahar ma culvert Bhi na pa 15, Kanchanpur | NRs. 2,924,168.19 | 65,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-120 | Construction of Suklaphata 11 Ram Janaki Mandir Dekhi Darsath aa vi hudai lalpaniya hudai nagarpalika jodne pakki pul tatha sadak Nirman, Kanchanpur | NRs. 9,745, 219.52 | 2,20,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-121 | Construction of Bhi Na Pa 18 Purano kathe Pul Dekhi Wada No 15 RadhaKrishana Chok Samma Nali Sahit Sadak Nirman, Kanchanpur | NRs. 4,088,596.19 | 1,00,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-122 | Construction of Lalpur Biddhut Station Dekhi Uttar Parsuram Jodne Sadak kalopatre, Kanchanpur | NRs. 9,744,814.65 | 2,20,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-123 | Construction of Bhimdatt nagarpalika ward no 18 ko yakata tole ma raheko sadak ma pakki nala sahit kalopatre sadak nirman yojana kanchanpur | NRs. 2,435, 870.45 | 55,000.00 | 3,000.00 |
| IDOKAN/W/ NCB/082/83-124 | Construction of Bheemdatt nagarpalika 18 Radhakrishna Mandir Dekhi RamJanaki Chok samma Dhal Sahit Sadak Kalopatre, Kanchanpur | Nrs. 3,899,444.63 | 1,00,000.00 | 3,000.00 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**

## अर्थ संक्षेप

### ५ लाख रुपैयाँभन्दा बढीको भुक्तानी नगदमा गर्न नमिल्ने



**काठमाडौं/मस–** ५ लाख रुपैयाँभन्दा बढी मूल्यको वस्तु तथा सेवाको कारोबार नगदमा नगरी बैंकिङ उपकरणमार्फत गर्नुपर्ने व्यवस्था लागू भएको छ ।

सरकारले बिहीबारदेखि लागू हुनेगरी ५ लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको वस्तु तथा सेवाको कारोबार नगदमा नगरी बैंकिङ उपकरणमार्फत गर्नुपर्ने व्यवस्था गरेको छ । यस अघि १० लाखभन्दा माथिको कारोबार बैंकिङ प्रणालीबाट हुने गरेको थियो ।

राजपत्रमा प्रकाशित सूचनाअनुसार नेपाल राष्ट्र बैंकको परामर्शमा जारी गरिएको यस निर्णयमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ४४'ग' को उपदफा (१) अनुसार नगद कारोबारको सीमा निर्धारण गरिएको हो ।

बैंक वा वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न, लिएको कर्जा र त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न यो व्यवस्था नलाग्ने साथै, वित्तीय संस्थाबीच नगद कारोबार गर्न पनि सीमा लागू नहुने राष्ट्र बैंकले जनाएको हो ।

त्यस्तै, नगद सीमाभन्दा बढी रकम आफ्नो स्रोत र प्रयोजन खुलाएर आफूसँग राख्न वा देशभित्र स्थानान्तरण गर्न सकिने उल्लेख छ । साथै, विशेष कारण देखाई वित्तीय संस्थामा निवेदन गरेमा सो संस्थाले ५ लाखभन्दा बढी नगद भुक्तानी दिने अनुमति पाउनेछ । राष्ट्र बैंकले गत शुक्रबार बैंक तथा वित्तीय संस्थालाई ५ लाख रुपैयाँभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रूपमा एकाउन्ट पेयी चेकमार्फत गर्न निर्देशन दिएको छ ।

### मन्जुश्री भर्चुअल क्रेडिट कार्ड सार्वजनिक




**काठमाडौं/मस–** मन्जुश्री फाइनान्सले भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको छ ।

फाइनान्सले आफ्ना ग्राहकलाई नविनतम बैंकिङ सेवा दिइरहेको अवस्थामा मन्जुश्री भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको हो । ग्राहकले मन्जुश्री स्मार्ट, मोबाइल बैंकिङ एपमार्फत सजिलै कारोबार गर्न सक्ने मन्जुश्री भर्चुअल क्रेडिट कार्डबाट ग्राहकले फोन पेको कुनै पनि मर्चेन्ट क्युआरमा सजिलै भुक्तानी गर्न सक्नेछन् । आफ्नो मोबाइलमै हुने, आफूले चलाएको रकमको विवरण तुरुन्तै हेर्न मिल्ने तथा न्यूनतम १५ दिनदेखि अधिकतम ४५ दिनसम्म बिनाब्याज क्रेडिट कार्ड सीमासम्मको सुविधा उपभोग गर्न मिल्ने व्यवस्था मन्जुश्री भर्चुअल क्रेडिट कार्डमा रहेको छ । आफ्नो क्रेडिट कार्ड लिमिटसम्मको रकम सहजै चलाउन मिल्ने त क्युआर तथा स्क्यान गरी सजिलै भुक्तानी गर्न मिल्नेजस्ता सुविधा कार्डमा रहेको छ । करिब २४ अर्ब निक्षेप संकलन तथा २० दशमलव ५ अर्ब कर्जा प्रवाह गरेको यस मन्जुश्री फाइनान्सले २७ वटा शाखाको साथै एउटा विस्तारित काउन्टरबाट आफ्नो ग्राहकलाई बैंकिङ सेवा उपलब्ध गराइरहेको छ ।

### गरिमा विकास बैंकको लोगो तथा छाप परिवर्तन

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

**काठमाडौं/मस–** गरिमा विकास बैंकले आफ्नो आधिकारिक लोगो तथा छाप परिवर्तन गरेको छ । विकास बैंकको दीर्घकालिन रणनीति अन्तर्गत कार्तिक २७ गते सम्पन्न १९औं वार्षिक साधारण सभाबाट लोगो तथा छाप परिवर्तन गर्ने विशेष प्रस्ताव पारित गरेको थियो । प्रस्ताव पारित भएपश्चात् अन्य आवश्यक कानुनी प्रक्रिया पूरा गरी नयाँ लोगो तथा छाप कार्यान्वयनमा ल्याइएको बैंकले जनाएको छ ।

परिवर्तित लोगोले विकास बैंकको आधुनिकतासहितको सरल पहिचान तथा विश्वसनिय बैंकिङ सेवाप्रतिको प्रतिबद्धता प्रतिबिम्बित गर्ने विश्वास विकास बैंकले लिएको छ ।




पोखरा-१७ स्थित महतगौडा ढुंगे साँघुमा लागेको माघे संक्रान्ति मेला बिक्रीका लागि राखिएको नाङ्लो खरिद गर्न हेर्दै सर्वसाधारण । तस्बिर : जमुनावर्षा शर्मा/रासस

# ६ महिनामा सरकारको आम्दानी र खर्च कमजोर

**मध्यान्ह संवाददाता**
काठमाडौं १ माघ

चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनमा सरकारको आम्दानी र खर्च कम भएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको तुलनामा केन्द्र सरकारको आम्दानी ३८ र खर्च ३५ प्रतिशतले कम भएको हो । चालु आर्थिक वर्षका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेटमध्ये पुस मसान्तसम्ममा ६ खर्ब ९० अर्ब २१ करोड ५४ लाख रुपैयाँ मात्र खर्च भएको छ । जुन वार्षिक लक्ष्यको ३५ दशमलव १४ प्रतिशत मात्र हो । यस्तै, चालु खर्च भने वार्षिक लक्ष्यको ४१ दशमलव २५ प्रतिशत छ । चालु शीर्षकमा ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ बजेट विनियोजन भएकोमा हालसम्म ४ खर्ब ८७ अर्ब १४ करोड ३१ लाख रुपैयाँ खर्च भएको छ ।

पुँजीगत शीर्षकको बजेट खर्च १२ दशमलव १२ प्रतिशतमा खुम्चिएको छ । चालु आवका लागि ४ खर्ब ७ अर्ब ८८ करोड ८० लाख रुपैयाँबराबरको विकास बजेट ल्याइएकोमा हालसम्म ४९ अर्ब ४२ करोड ५४ लाख रुपैयाँबराबर मात्रै खर्च हुन सकेको हो ।




त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा चालु आवका लागि ३ खर्ब ७५ अर्ब २४ करोड २० लाख रुपैयाँ बजेट छुट्याइएकोमा पुस मसान्तसम्ममा १ खर्ब ५३ अर्ब ६४ करोड ४९ लाख रुपैयाँबराबर खर्च भएको छ । यो शीर्षकको खर्च वार्षिक विनियोजनको ४० दशमलव ९५ प्रतिशत हो ।

यस वर्ष सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ कुल आम्दानी गर्ने लक्ष्य राखेको छ । पुस मसान्तसम्मको प्राप्ति भने ५ खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख रुपैयाँ अर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत छ । यसरी सरकारको अर्धवार्षिक अवधिको कुल आम्दानीभन्दा कुल खर्च १ खर्ब १ अर्ब ७० करोड १२ लाख रुपैयाँ बढी देखिएको छ ।

राजस्वतर्फ १४ खर्ब ८० अर्ब रुपैयाँको वार्षिक लक्ष्य रहेकामा हालसम्म ३९ दशमलव शून्य दशमलव १ प्रतिशत अर्थात् ५ खर्ब ७७ अर्ब ४० करोड रुपैयाँ प्राप्ति भएको छ । जसमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ३८ दशमलव ९३ प्रतिशत अर्थात् ५ खर्ब १६ अर्ब ११ करोड ५१ लाख रुपैयाँ र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ३९ दशमलव ६९ प्रतिशत अर्थात् ६१ अर्ब २८ करोड ४८ लाख रुपैयाँ प्राप्ति भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । यस आवमा ५३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँबराबर वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकामा अर्धवार्षिक समीक्षा अवधिसम्ममा ७ अर्ब १० करोड ६९ लाख रुपैयाँ अर्थात् वार्षिक लक्ष्यको १३ दशमलव ३ प्रतिशत उठेको पनि कार्यालयले जनाएको छ ।

# नागरिक लगानी कोषको १३ प्रतिशत लाभांश पारित

**काठमाडौं/मस–** नागरिक लगानी कोषको ३१औं वार्षिक साधारण सभा कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०८१/८२ को आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको प्रस्तावित ५ प्रतिशत बोनस सेयर र ८ प्रतिशत नगद लाभांशको प्रस्ताव पारित गरेको छ ।




त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल भई पारित भएको छ । सोसँगै कोषले लेखापरीक्षकको प्रतिवेदनसहितको २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणमा छलफल गरी पारित गरेको छ । सभामा कोष सञ्चालक समितिका अध्यक्ष घिमिरेले कोषको कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणलाई समेट्नेगरी नागरिक पेन्सन योजनालाई प्रवर्धन गर्दै लैजाने योजना रहेको बताए ।

साधारण सभामा सेयरधनीबाट उठाइएका जिज्ञासाबारे कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले जवाफ दिएका थिए । उनले कोषको वस्तुस्थितिबारे बताउँदै सेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा सुझाव आगामी दिनमा पूरा गर्दै लाने प्रतिबद्धता व्यक्त गरे ।

## विद्युत् प्रसारण–वितरणमा खुला पहुँच लागू



**काठमाडौं/मस–** विद्युत् नियमन आयोगले विद्युत् प्रणालीमा प्रतिस्पर्धा, पारदर्शिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यसहित 'विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशिका, २०८२' जारी गरेको छ । आयोगले विद्युत् नियमन आयोग ऐन, २०७४ अनुसार तथा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयद्वारा जारी गरिएको 'जेनेरल नेटवर्क एक्सेस फ्रेमवर्क'को नीतिगत खाका आधारमा सो निर्देशिका लागू गरेको हो ।

निर्देशिकामार्फत विद्युत् प्रणालीमा भेदभावरहित खुला पहुँचको व्यवस्था कार्यान्वयनमा ल्याउने लक्ष्य लिइएको आयोगले जनाएको छ । यसअन्तर्गत ३३ केभी वा सोभन्दा माथिल्लो भोल्टेज स्तरमा जोडिएका ५ मेगावाट वा सोभन्दा बढी क्षमताका विद्युत् आयोजना, न्यूनतम १ मेगावाट क्षमताका क्याप्टिभ आयोजना, तथा ३३ केभी वा सोभन्दा माथिल्लो भोल्टेजमा जोडिएका ५ मेगावाट वा सोभन्दा बढी क्षमताका औद्योगिक तथा व्यापारिक उपभोक्ताले खुला पहुँच सेवा लिन सक्ने व्यवस्था गरिएको छ ।

निर्देशिकामा अन्तरदेशीय विद्युत् व्यापारका लागि खुला पहुँच प्रयोग गर्दा न्यूनतम १० मेगावाट क्षमता हुनुपर्ने स्पष्ट व्यवस्था गरिएको छ । खुला पहुँच प्रदान गरिएका निकायले यस निर्देशिकाको अधीनमा रही प्रसारण वा वितरण प्रणालीबिना भेदभाव प्रयोग गर्ने अधिकार पाउनेछन् । निर्देशिकामा खुला पहुँचलाई तीन वर्गमा विभाजन गरिएको छ । दीर्घकालीन खुला पहुँचअन्तर्गत पाँच वर्षभन्दा बढी, विद्युत् खरिद सम्झौतामा तोकिएको अवधिसम्म पाउनेछन् भने मध्यकालीन खुला पहुँचअन्तर्गत एक वर्षभन्दा बढीदेखि पाँच वर्षसम्म पाउने व्यवस्था निर्देशिकाले गरेको छ । त्यस्तै, अल्पकालीन खुला पहुँचतर्फ एक वर्षसम्म, न्यूनतम २४ घण्टाको अवधिका लागि व्यवस्था गरिएको छ । खुला पहुँच प्रदान गर्दा दीर्घकालीन खुला पहुँचलाई पहिलो प्राथमिकता र अल्पकालीन खुला पहुँचलाई तेस्रो प्राथमिकता दिइने व्यवस्था गरिएको छ । यस्तै, खुला पहुँचको निवेदन संकलन, मूल्यांकन तथा स्वीकृतिका लागि नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभागलाई तोकिएको छ ।

विद्युत् खरिद-बिक्रीमा देखिएका चुनौतीका कारण उत्पादन आयोजना अघि नबढ्ने र विद्युत् विकास नै प्रभावित हुने चिन्ता देखिएको अवस्थामा खुला पहुँचले उत्पादनलाई सम्भावित बजारसँग प्रत्यक्ष जोड्ने माध्यम प्रदान गर्ने आयोगले जनाएको छ ।

## नेपाल इन्भेस्टमेन्ट मेगाको साधारण सभा सम्पन्न




**काठमाडौं/मस–** नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले आफ्नो ३९औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडेको अध्यक्षतामा सेयरधनीको उपस्थितिमा वार्षिक साधारण सभा सम्पन्न गरेको हो ।

सभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन तथा वित्तीय विवरण पारित गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा बैंकले ४ अर्ब ३३ करोड रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

स्रोत परिचालनतर्फ बैंकको कुल निक्षेप ६९ अर्ब ४८ करोड रुपैयाँले वृद्धि भई ४ खर्ब ७६ अर्ब रुपैयाँ पुगेको छ भने कर्जा प्रवाहको क्षेत्रमा पनि २० अर्ब ८४ करोड रुपैयाँको विस्तारसँगै खुद कर्जा तथा सापटी रकम ३ खर्ब ३९ अर्ब रुपैयाँ कायम भएको छ ।

यसैगरी, बैंकले आफ्नो लगानीलाई ३५ अर्ब ८७ करोड रुपैयाँले बढाउँदै १ खर्ब ४२ अर्ब रुपैयाँ पुऱ्याएको छ । संस्थाको इक्विटितर्फ, ३४ अर्ब १३ करोड रुपैयाँ चुक्ता पुँजी रहेको यस बैंकको कुल सेयरधनी कोष ६४ अर्ब ९८ करोड रुपैयाँ पुगेको छ ।


**मतदान गर्ने अधिकारको प्रयोग गरौं ।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**